श्रमको सम्मान गरौं
कामलाई सानो वा ठूलो नभनौं,
स्वदेशमै व्यापार व्यवसाय गरौँ,
रोजगार भई राष्ट्र निर्माणमा
सहभागी होऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com




Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ माघ ०६ गते बिहीवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2022 January 20 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १४५

## सङ्क्रमित बढेपछि उद्योग व्यवसायमा असर

## तीन दिनमा सङ्क्रमित निको हुँदै

राधेश्याम पटेल, वीरगंज, ५ माघ/

वीरगंजमा पछिल्लोपटक कोरोना महामारीको तेस्रो लहर तीव्ररूपमा फैलिँदै कोरोनाको त्रास रहे पनि प्यानिक भइहाल्ने अवस्था सृजना नभएको बताए। "खासै असर परेको छैन, केही मजदूर बिरामी करिडरका धेरै हाइप्रोफाइल नेता, उद्योगी, समाजसेवी, स्वास्थ्यकर्मीलगायतमा कोरोना



वीरगंजको श्रीसिया सुक्खा बन्दरगाह। तस्वीरः फाइल

छ। नारायणी अस्पताल वीरगंजमा दैनिक हुने परीक्षणमध्ये ६५ प्रतिशतभन्दा बढीमा सङ्क्रमण देखिएको छ।

त्यसैगरी हरेक घरमा दुईचारजना रूघाखोकी तथा ज्वरोले मानिसहरू ग्रस्त छन्। सामान्य फ्लुजस्तो लक्षण देखिए पनि सामान्य रूघाखोकी भएर पिसिआर तथा एन्टिजेन परीक्षण गराउने अधिकांशमा कोरोना पोजेटिभ पुष्टि भइरहेको नारायणी अस्पतालका सूक्ष्मजीव विज्ञ डा. प्रभाकरणराज पाण्डेले जानकारी गराएका छन्। वीरगंज करिडर अर्थात् बारा–पर्सा औद्योगिक क्षेत्रमा पनि यसको असर परिरहेको छ। केही उद्योगले उत्पादन घटाएका छन् भने चीसो र कोरोनाको त्रासले बजारको चहलपहलमा पनि ह्रास आएको छ।

वीरगंज उद्योग वाणिज्य सङ्घका सदस्य एवं ओम चाओबिरो प्रालि चैनपुरका सञ्चालक सुरेश रूँगटाले परिरहेका छन्, तर परीक्षणको दायरा न्यून भएकोले धेरैले चेकजाँच नगराई रूघाखोकी–ज्वरोको औषधी खाएर तीन दिनमा निको भइरहेका छन्। वीरगंजका उद्योगी अशोक वैद्यले उद्योगदेखि कार्यालयसम्म सामाजिक दूरी तथा सतर्क भएर काम गरिरहेको बताए। शालिमार समूहका सञ्चालक तथा वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्व अध्यक्ष वैद्यको कार्यालयका केही स्टाफसमेत बिरामी परेर बिदा बस्दा काम प्रभावित भइरहेको बताए।

वीरगंजका व्यवसायी माधव राजपालका अनुसार पर्साका प्रमुख जिल्ला अधिकारी, उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजका कर्मचारीसँगै स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीसमेतमा कोरोना पुष्टि भएपछि वीरगंज ग्रीन जोनबाट फेरि रेड जोन अर्थात हट स्पट बन्ने हो कि भन्ने खतरा बढेको बताए। उनका अनुसार अहिले वीरगंज सङ्क्रमण देखिएको बताए। तर आराम र औषधी सेवनबाट निको हुने दर पनि बढिरहेकोले खासै चिन्ताजनक अवस्था नभएको बताए। पर्सा–बारा औद्योगिक करिडरमा सानाठूला गरी करीब २ हजारको हाराहारीमा उद्योग सञ्चालनमा रहे पनि उत्पादन २० प्रतिशतले कटौती गरिएको जनाइएको छ। अवस्था सामान्य बनेपछि पुनः पुरानो लयमा फर्काउने व्यवसायीहरूको लक्ष्य छ।

नारायणी अस्पतालका चिकित्सक डा. उदयनारायण सिंहले कोरोना महामारीलाई ध्यान दिँदै स्थानीय प्रशासन र सरकारहरू मिलेर स्वास्थ्य मापदण्ड पालना गराउन र उपचार तथा अन्य बन्दोबस्तीका लागि पूर्व तयारीमा जुट्नुपर्ने सुझाव दिए। उनले सर्वसधारणलाई मास्क लगाउन, सामाजिक दूरी कायम गर्न, स्वास्थ्य मापदण्ड पालना गर्न र भीडभाड हुने कार्यक्रममा सहभागी नहुन अपिल गरेका छन्।

## माघ महीनाभरि विवाहलगायतको कार्यक्रम गर्न निषेध

प्रस, वीरगंज, ५ माघ/

कोभिड–१९ को नयाँ भेरिएन्ट ओमिक्रोनको सङ्क्रमण नेपालमा फैलिँदै गएपछि जिल्ला प्रशासन कार्यालय, पर्साले आज २५ बुँदे निर्देशन जारी गरेको छ।

प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले जारी गरेको विज्ञप्तिमा विरोध, सभा, गोष्ठी, भेला गर्न नपाइने, सिनेमाहल, क्लब, जिमखाना, बजार तथा मानिसहरूको भीडभाड हुने ठाउँमा माघ मसान्तसम्म कुनै पनि काम गर्न नपाइने उल्लेख छ।

यसैगरी विज्ञप्तिमा विद्यालय, कलेज, ट्युशन सेन्टर माघ १५ गतेसम्म बन्द गर्नुपर्ने, सार्वजनिक तथा निजी सवारी साधनमा एक तिहाई यात्री ओसार्न पाउने, सार्वजनिक स्थानमा जथाभावी थुक्न नपाउने, मास्क प्रयोग गरेर जथाभावी फाल्न नपाउने, विदेशबाट आएका व्यक्ति क्वारेन्टाइनमा बस्नुपर्ने, पिसिआर परीक्षणमा स्वाब दिएपछि घरमै बस्नुपर्ने, स्थानीय तहमा क्वारेन्टाइन र आइसोलेशनको व्यवस्था गर्नुपर्ने, होम आइसोलेशनमा बसेकाहरू स्वास्थ्यकर्मीको निगरानीमा बस्नुपर्ने, होटेल–रेस्टुरेन्टका कामदारहरूले अनिवार्य रूपमा मास्क र पञ्जा लगाउनुपर्ने, मठ, मस्जिद, मन्दिर, गुम्बालगायत धार्मिक स्थलमा माघ महीनाभरि कार्यक्रम गर्न नपाइने, डिपार्टमेन्टल स्टोर, बजारमा २५ जनाभन्दा बढी उपस्थित हुन नपाइने, धार्मिक जात्रा, विवाह, न्वारन, व्रतवन्धलगायतको कार्यक्रम गर्न नपाइनेलगायत निर्णय गरेको प्रजिअ ढकालले बताए।

## सामुदायिक विवाह भवनको उद्घाटन

प्रस, सेढवा, ५ माघ/

जीराभवानी गाउँपालिका–३ जीतपुरमा नवनिर्मित विवाह भवनको उद्घाटन भएको छ। बुधवार एक महतोले बताए। उनले विवाह भवन भनिए तापनि समाजका मानिसहरूले आवश्यकता अनुसार भवन प्रयोग गर्न सक्ने बताए। उनले मूलरूपमा गाउँघरमा मिलाइएको तथा कार्यक्रमका लागि पार्किङ र भान्साघरको पनि व्यवस्था मिलाउन सकिने प्रमुख प्रशासकीय अधिकृत प्राण मेहताले बताए। उनले

नवनिर्मित विवाह भवन। तस्वीरः प्रतीक



कार्यक्रमका बीच गापाप्रमुख रामप्रीत महतोले विवाह भवनको उद्घाटन गरेका थिए।

विवाह भवन कम्पाउन्डवालसहित करीब दश कट्ठा क्षेत्रमा निर्माण गरिएको छ। आर्थिक वर्ष २०७५/७६ देखि चालू आर्थिक वर्षसम्म गापाले भवन निर्माणमा करीब एक करोड रुपैयाँ विनियोजन गरी सम्पन्न गरेको प्रमुख वैवाहिक कार्यक्रम हुँदा जन्तेहरूलाई वासको व्यवस्था गर्न समस्या नहोस् भनेर भवन निर्माण गरेको पनि बताए। आगामी दिनमा यहाँका मानिसहरूले जन्तेलाई बसाउनका लागि समस्या भोग्न नपर्ने उनले बताए। उनले सबै समुदायका लागि विवाह भवन उपलब्ध हुने जानकारी गराए। नवनिर्मित विवाह भवनमा महिला/पुरुषका लागि शौचालय व्यवस्था जीराभवानी गापाबाहेक अन्य स्थानीय तहमा यस्तो सुविधासम्पन्न सामुदायिक भवन नभएको पनि दाबी गरे। वडाध्यक्ष उमेशकुमार सिंहको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष उषादेवी थरुनी, वडाध्यक्ष महादेवमहतो थारू, जीतपुर नौकाटोला माविका प्रधानाध्यापक रामाशङ्कर चौधरी, पूर्वशिक्षक प्रह्लाद पटवारीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

## बलिदानी दिवसमा जसपा, पर्साको छुट्टाछुट्टै कार्यक्रम

प्रस, वीरगंज, ५ माघ/

दुई समूहमा विभाजित जनता वीरगंज राजधानी नहुने बताउँदै त्यसभन्दा अघि आफ्नै पार्टीका अध्यक्षहरूको पुतला अन्सारी, जसपा पर्साका अध्यक्ष मन्जुर अन्सारी, जिल्ला समन्वय समिति, पर्साका



समाजवादी पार्टी, पर्साले बुधवार बलिदानी दिवस छुट्टाछुटै मनाएको छ।

जसपाको एउटा समूहले वीरगंजको घण्टाघरस्थित शहीद स्मारकमा र अर्को समूहले पोखरियामा बलिदान दिवस मनाएको छ।

वीरगंजको शहीद स्मारकमा आयोजित कार्यक्रममा सांसद प्रदीप यादवले मधेस आन्दोलनको उपलब्धिका कारण मधेस प्रदेश नाम राखिएको बताए। उनले राजधानी जनकपुर कायम गर्न राजनीतिक दलका ठूलठूला नेताहरूको हात रहेको बताए।

उनले मुख्यमन्त्रीको घर फोडेर जलाउनुपर्ने बताए। सांसद यादवले अस्थायी राजधानी तोक्ने बेलामा नेपाली काङ्ग्रेसका नेता विमलेन्द्र निधिको ठूलो हात रहेको र अहिले उनकै पार्टीले वीरगंजमा हिजो विरोध जुलुस निकालेर मुख्यमन्त्रीको घरमा ढुङ्गा प्रहार गर्नु गलत भएको बताए।

आज विभिन्न कार्यक्रमको आयोजना गरी दलका नेताहरूले बलिदानी दिवसलाई राजनीतीकरण गर्न खोजेको सांसद यादवले आरोप लगाए। पर्साबाट १५ जना सांसद रहेको र यसमा उनीहरूले त्रुटि गरेकोमा सच्याउन माग गरे।

कार्यक्रममा प्रदेशसभा सदस्य जन्नत सभापति नेक महम्मद, करीमा बेगम, वीरेन्द्र यादव, मुस्लिम सङ्घका अध्यक्ष मौलाना नुरुल होदा, वासुदेव यादव, रामबढाइ यादव, ईश्वरचन्द्र यादवलगायतको सहभागिता थियो।

यसैगरी, जसपाको अर्को समूहले पोखरियामा शहीद चन्दन पटेलको सालिकमा माल्यार्पण गरी बलिदानी दिवस मनाएको छ।

पोखरियामा पुगेका नेताहरूमा तत्कालीन अध्यक्ष रामनरेश यादव, सचिव तबरेज अहमद, सलमा खातुन, गौरीशङ्कर साह, बृजमोहन तिवारीलगायतको सहभागिता थियो।

## बुधवार ५५ जना सङ्क्रमित पुष्टि

प्रस, वीरगंज, ५ माघ/

नारायणी अस्पतालको पिसिआर प्रयोगशालाले बुधवार ५५ जना सङ्क्रमित पुष्टि गरेको छ।

बुधवार ९४ जनाको पिसिआर परीक्षण गरिएकामा ५५ जना सङ्क्रमित पुष्टि भएको अस्पतालका संयोजक डा उदयनारायण सिंहले बताए। उनले सङ्क्रमितमध्ये १६ जना महिला र ३९ जना पुरुष रहेको तथा उनीहरूको उमेर चारदेखि ९० वर्षसम्म रहेको बताए। आज सङ्क्रमित पुष्टि भएकामध्ये बाराका १७, रौतहटका तीन, मकवानपुरका एक र पर्साका ३४ जना छन्।



तस्वीरः फाइल

## दुई दिन बैंक बन्दले व्यवसायीलाई करोडौं घाटा

प्रस, वीरगंज, ५ माघ/

दुई दिन अचानक सार्वजनिक बिदा पर्दा मधेस प्रदेशका व्यवसायीलाई मर्का परेको छ।

आर्थिक नगरी वीरगंज, बाराको कलैया, रौतहटको गौर, जनकपुरलगायत अन्य जिल्लाका व्यवसायीहरूलाई मर्का परेको बताइएको छ। नेपाल उद्योग वाणिज्य महासङ्घ प्रदेश २ का अध्यक्ष गणेश लाठका अनुसार अचानक बिदा दिएर बैंक बन्द हुँदा आर्थिक गतिविधि नै ठप्प भएको बताए। उनले दुई दिनदेखि वीरगंज भन्सारलगायत विभिन्न छोटी भन्सारहरूबाट मालसामान जाँचपास भई नभित्रिएको बताए। "मेरै दुई कन्टेनर सामान छुटाउनुपर्ने थियो, मङ्गलवार बिदा भयो, कागजात ठीक्क पारेर पनि काम भएन," उनले भने, "डिटेन्शन र डेमेरेज तथा बैंकको ब्याज गरी लाखौं घाटा भयो।"

वीरगंज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष माधव राजपालका अनुसार मधेस प्रदेश सरकारले सातवटा प्रदेशमध्ये सबैभन्दा बढी बिदा दिने प्रदेशको रूपमा पहिचान हासिल गरेको बताए। उनले हरेक पर्व र महोत्सवमा बिदा दिंदा राज्यसँगै प्रदेशलाई पनि राजस्व सङ्कलनमा नकारात्मक असर पर्ने बताए। उनका अनुसार वीरगंजको पुरानो भन्सार, आइसिपी र श्रीसिया सुक्खा बन्दरगाह भन्सार गरी करीब दुई दिनमा करोडौंको घाटा व्यवसायीले बेहोर्नुपर्नेछ। वीरगंजका अर्का व्यवसायी मुरली जालानले बैंक बन्द हुँदा उद्योग, व्यवसाय तथा बजारमा समेत नकारात्मक असर पर्ने भएकोले आगामी दिनमा सङ्घीय सरकार मातहत रहेका वाणिज्य बैंक तथा वित्तीय संस्थाहरू सञ्चालन गर्नुपर्ने सुझाव दिए। उनले राजस्व तथा आर्थिक गतिविधि हुने कार्यालयहरूलाई बिदाको दिन सञ्चालनमा राखे व्यवसायीलाई सहज हुने बताए।

### विचारसार एवं सूक्तिहरू

**समयका साथ हिंड्न जरुरी छैन, सत्यका साथ हिंड्यो भने समय एक दिन हाम्रो साथ हिंड्न थाल्नेछ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# आयल निगमको घाटा

**पेट्रोलियम पदार्थमा पुनः घाटा बेहोरिरहेको नेपाल आयल निगमले जनाएको छ । अन्तर्राष्ट्रिय बजारमा मूल्य बढेसँगै पेट्रोलमा प्रतिलिटर १३ रुपैयाँ १८ पैसा, डिजेलमा आठ रुपैयाँ ८१ पैसा, ग्याँस एलपी ग्याँसमा प्रतिसिलिन्डर ६४६ रुपैयाँ १६ पैसा घाटा रहेको निगमको विवरणमा उल्लेख छ। सर्वसाधारण उपभोक्ताले अतिकम प्रयोगमा ल्याउने मटीतेल र हवाई इन्धनमा भने फाइदा देखाएको छ। मटीतेलमा २० रुपैयाँ ५० पैसा र हवाई इन्धनमा १४ रुपैयाँ ७३ पैसा प्रतिलिटर फाइदा रहेको निगमको भनाइ छ । घाटाको अनुपातमा फाइदा कम हुँदा निगम डुबेको हो । बितेको छ महीनामा १९ अर्ब रुपैयाँ घाटा बेहोरेको निगममा आउँदो दिन यो अनुपात झन वृद्धि हुने देखिएको छ ।**

**अन्तर्राष्ट्रिय मूल्य समायोजनको बहानामा १५/१५ दिनमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि भोगिरहेका सर्वसाधारण उपभोक्ता अतिआवश्यक खाना पकाउने ग्याँससमेत खरीद गर्न नसक्ने अवस्थामा पुगिसकेका छन् । डिजल र पेट्रोलको मूल्यवृद्धि हुँदा त्यसले यातायात तथा ढुवानीदेखि हरेक वस्तुमा महँगी थप्दै आइरहेको छ । एक लिटर पेट्रोलियम पदार्थमा १० रुपैयाँ मूल्यवृद्धि हुँदा सर्वसाधारण उपभोक्ताको टाउकोमा भने सोही एक लिटर खपत बराबरको सेवा लिंदा एक सय रुपैयाँभन्दा बढी महँगी भार थोपरिन्छ । सेवाप्रदायकलाई समस्या भएन, पेट्रोलियम पदार्थको मूल्य बढ्यो कि सेवाप्रदायकले सेवा शुल्क वृद्धि गरेको हुन्छ । पेट्रोलियम पदार्थको मूल्यवृद्धिले उसलाई झन् आफ्नो वस्तुको भाउ बढाउने मौका मिल्छ। समस्यामा पर्ने त सर्वसाधारण उपभोक्ता नै हो । मूल्य बढ्नु या घट्नु र त्यसबाट प्रभावित क्षेत्रको महँगी वा मूल्य वृद्धि प्रतिशत घटाउने, बढाउने वैज्ञानिक मापदण्ड छैन । कतिपय क्षेत्रमा निर्धारण गरिएको भए तापनि त्यसको अनुगमन हुँदैन । यो जिम्मेवारी सरकारको हो, सरकार नागरिकप्रति जिम्मेवार छैन । अब त झन् सरकारमा बस्नेहरूलाई यति सजिलो भएको छ कि, नेपाली नागरिक धेरै बुझ्ने भएका छन् । “पेट्रोलियम पदार्थको भाउ निगमले बढाएको हो, सरकारले बढाएको होइन, यसमा सरकारको के दोष” नागरिकको बुझाइ छ। घाटा कम गर्न निगमले मितव्ययिता अपनाउनुपर्ने कुराहरू छन् । त्योभन्दा पनि सरकारको जिम्मेवारी ठूलो छ ।**

**निगमले १९ अर्ब घाटा बेहोर्दा सोही अवधिमा पेट्रोलियम पदार्थबाट नेपाल सरकारले भने ५८ अर्ब ५५ करोड रुपैयाँ राजस्व असुल गरेको छ । यो आयल निगमले नेपाल सरकारलाई तिरेको रकम हो । पेट्रोलियम पदार्थमा भन्सार कर, सडक मरम्मत, वातावरण, मूल्य अभिवृद्धि, पूर्वाधार विकास करलगायतका शीर्षकमा रकम असुलिन्छ । यसरी कर असुल्दा पेट्रोलियम पदार्थमा उपभोग्य मूल्यको करीब ५० प्रतिशत मूल्य उपभोक्ताले सरकारलाई बुझाउँछन् । बाँकी ५० प्रतिशतमा ढुवानीदेखि आयल निगमको व्यवस्थापनसमेत छ । विलासिताका वस्तु वा मुलुकमा उत्पादन भइरहेका वस्तुको विकल्पमा विदेशी वस्तु आयात गर्दा कर लगाउनु मुनासिब हो । स्वदेशमा उत्पादन नहुने अति आवश्यक वस्तुमा पनि उपभोक्तामाथि कर थोपरिएको छ । सोबापत सरकारी दायित्व केही पनि छैन । कर लिने नै भएपनि पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय मूल्यवृद्धि हुँदा करको अनुपात घटाउने र मूल्य घट्दा करको दर यथावत् राखेमा उपभोग्य मूल्य स्थिर राखी निगमको घाटा न्यूनीकरण गर्न सकिन्छ ।**

# मधेसमा कोरोनाको चिन्ता र पश्चिमको आन्दोलन

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**पर्सेली नागरिकको माग जायज हो तर यो आन्दोलन त्यतिखेर भइरहेको छ जतिखेर मुठीको सबै बालुवा भुइँमा झरिसकेको छ । अब मुठी खाली भइसकेको छ र जति कसे पनि हातबाट फुत्केको बालुवालाई पुनः मुठीमा पार्न सकिँदैन ।**

अब मधेस शब्दले पहिचान पाएको छ । पहिले अमूर्त भूगोल थियो । अमूर्त भूगोलको नाम तराई थियो । तराईलाई यहाँका बासिन्दाले मधेस भन्ने गर्दथे । मधेस शब्दको औचित्य तराईको अर्थमा त्यतिबेला मात्र थियो, जति बेला यहाँका बासिन्दलाई तराइली नभनेर मधेसी भनी सम्बोधन हुन्थ्यो ।

मधेस कसरी रहन गएको होला ? यसको राजनीतिक जवाफ त लोकतान्त्रिक विधिबाट निर्वाचित जनप्रतिनिधिहरूले प्रदेशसभाको दुई तिहाईभन्दा बढी मतले पारित भएपछि हुन गएको हो भन्ने हुन सक्छ, तर यसभन्दा निकै पहिलेदेखि मधेस र मधेसी शब्द प्रचलनमा थियो । मधेसको बासिन्दा मधेसी हुने तर्क त घामजस्तै छर्लङ्ग छ । बरु मधेस शब्दले सबैभन्दा बढी उच्चारण पाएको मधेस आन्दोलनको समयमा हो ।

मधेस आन्दोलन हुनुभन्दा पहिले पनि बौद्धिक क्षेत्रमा मधेस शब्द प्रचलनमा आइसकेको थियो । केही दस्तावेजहरूमा पनि मधेस शब्द नपाइने होइन, तर बढी मात्रामा तराई शब्द प्रचलनमा थियो । तराई भन्नासाथ नेपालको भौगोलिक धरातलीय स्वरूप अनुसार तीन मुख्य भूमि सतहमध्ये एक किसिमको भूगोल भएको भूमि हो । पहिलोमा हिमाल, दोस्रोमा पहाड र तेस्रोमा समथर भूभाग । समथर भूभागलाई तराई मानिन्थ्यो, अहिले पनि मानिन्छ । नेपालमा ७५ जिल्ला हुँदा २२ जिल्लाको क्षेत्रलाई तराई भनिन्थ्यो । अब ७७ जिल्लाको देश भएपछि यसमा पनि एक जिल्ला थपिएको हुनुपर्छ । मेचीदेखि महाकालीसम्मको दक्षिणी भूभाग जसको सिमाना भारतसित जोडिएको छ, तिनै जिल्लाहरू तराई कहलाउँथे । उस्तै भूमि भएका तर भारतसित सिमाना नजोडिएका केही जिल्लालाई भने भित्री तराई भनिन्थ्यो अथवा चुरे पहाडभन्दा उत्तर, तर समथर जमीन भएको जिल्लालाई भित्री मधेस भनिन्थ्यो । ती जिल्लालाई भित्री तराईभन्दा पनि भित्री मधेस भनिन्थ्यो । सुर्खेत, मकवानपुर, नवलपरासी, चितवन, सिन्धुली र दाङको गणना भित्री मधेसमा गरिन्थ्यो ।

ती जिल्लालाई भित्री तराईभन्दा बढी भित्री मधेस भनिनुले तराई भनेर जुन जिल्लालाई भनिन्थ्यो वा तराई प्रदेश अन्तर्गत जुन जिल्लाहरू रहेका थिए, ती जिल्लालाई मधेस पनि भनिएको हो भन्ने स्पष्ट हुन आउँछ । तराई र मधेस शब्दको प्रचलनभन्दा यी दुई शब्दको व्युत्पत्ति कसरी भएको होला ?

कतिपयको विचारमा तराई शब्दको प्रचलन त्राहि भन्ने शब्दको अपभ्रंश हो । नेपाली बोलीमा अन्तिमतिर आउने ह अक्षरको उच्चारण खासै नहुने हुँदा त्राहिको उच्चारण त्राई हुँदै तराई हुन गएको हो । पहिले यो क्षेत्रमा मच्छर र सर्पको डर धेरै हुने तथा घामले पनि बस्न नसकिने हुनाले कतिपय अपराधीलाई डाँडा कटाएर यस क्षेत्रमा पठाइन्थ्यो । यो क्षेत्र औलो र सर्पको कारणले त्राहि कहलाउँथ्यो ।

अनुकरण पनि हुन सक्छ । उदाहरणको लागि भारतको दार्जिलिङ जिल्लाको दक्षिणी भाग जुन समथर छ, त्यसलाई पनि तराई भन्ने गरेको पाइन्छ । अन्यत्र पनि यस प्रकारको चलन छ कि ?

तराईलाई पहिले तरी पनि भनिन्थ्यो । पहाड वा उच्च ठाउँबाट वर्षाको पानी झरेर एकत्रित भई जम्ने समतल भाग नै तरी हो । नेपाली शब्दकोशहरूले तरी शब्दको अर्थ औल, भित्री मधेस र तराईको जङ्गल, पाटा परेको भाग आदि भनेर लेख्ने गरेकोबाट पनि धेरै हदसम्म यही सङ्केत प्राप्त हुन्छ । यस अर्थमा नेपालको सन्दर्भमा पहाडको पानी झरेर जम्ने ठाउँ वा समथर भूभाग वा औलोको डर हुने क्षेत्र तरीबाट तराई हुन गएको हो । तरियानीबाट पनि तराई शब्दको उत्पत्ति भएको हुन सक्छ । तरियानी शब्दको अर्थ तराईको उर्वर भूभाग भन्ने पनि उल्लेख पाइन्छ ।

त्राहि, तरी वा तरियानी वा अन्य शब्दबाट तराई बनेको हुन सक्छ । अब मधेस शब्दको स्रोत के होला ?

कतिपयले त मगधबाट मधेस शब्द अपभ्रंश भएको भनेका छन् । मगध त गङ्गा नदीभन्दा दक्षिणको क्षेत्र हो जसको राजधानी राजगृह हालको पटना (पाटलीपुत्र)भन्दा करीब डेढ सय किलोमिटर टाढा पर्दछ । मगध र वैशाली दुवै शक्तिशाली र समुन्नत अलग–अलग राज्य थिए जसको बीचमा गङ्गा नदी थियो । भगवान् गौतम बुद्धले महापरिनिर्वाण गरेको तीन वर्षपछि मगध सम्राट् अजातशत्रुले आफ्नो मावली राज्य वैशालीमाथि आक्रमण गरी आधिपत्य जमाएर पेशावरतर्फ गएका थिए, भगवान् बुद्धका एक शिष्यलाई साथै लिएर । यसले मगधबाट मधेस रहन गएको भन्ने तर्कमा कुनै सत्यता देखिंदैन ।

मध्यदेशबाट मधेस रहन गएको पनि हुन सक्छ भन्ने तर्क छ । र कतिपयको सतही दृष्टिकोणमा मध्यदेशको अर्थ भारतको मध्यप्रदेश हो ।

इतिहासले मध्यदेश भनेर प्रयागराज अर्थात् इलाहाबादभन्दा पश्चिमको क्षेत्र बुझिन्छ । यो भारतको सन्दर्भमा हो र नेपालको इतिहासको सन्दर्भ आउँदा भारतको इतिहासको सन्दर्भसित जोडिन पुग्दा त्यति अनौठो नहुन सक्छ । कालान्तरमा भारत स्वतन्त्र भएपछि पञ्जाब, दिल्ली, राजस्थान, उत्तरप्रदेश, बिहार, बङ्गाल आदिलाई मध्यदेश मानिएको पाइन्छ । यहाँ उत्तरप्रदेश र बिहार मध्यदेशमा पर्न पुगेको सन्दर्भ नेपालको तराई वा मधेसको हकमा विचारणीय हुन पुग्छ । तर भारतको स्वतन्त्रता सङ्ग्रामभन्दा धेरै पहिले नेपालको वर्तमान राजनैतिक भूगोलको निर्धारण भइसकेको र नेपालले आफ्नो देशको जमीनको धरातलको हिसाबले हिमाल, पहाड तथा तराई गरी तीन प्रदेशको अवधारणा ल्याइसकेको देखिन्छ भौगोलिक विभाजन अनुसार ।

पहिले नेपाल उपत्यका वा पहाडका मानिस भारततिर जाँदा वा तराईतिर झर्दा देश गएको भनिन्थ्यो । अझै उपत्यकाबाट पहाडतिर जाँदा पहाड गएको र देशभित्रै चुरेभन्दा दक्षिणको भूभागमा गएकोलाई देश वा देहात गएको भनिन्थ्यो । यस क्षेत्रको लागि कथ्यमा देश वा देहात पनि प्रचलनमा रहेको पाइन्छ । यसरी प्रयोग र प्रचलनमा रहँदा कालान्तरमा उच्च बौद्धिक क्षेत्रका बुद्धिजीवीहरूले देश भनेर सम्पूर्ण नेपाल बुझिने भन्ने कुरा बुझ्दै गएर तराईको लागि देश भन्नुभन्दा सचेत अभिव्यक्तिको रूपमा यही शब्दलाई मधेस भनेको हुनुपर्छ । र कालान्तरमा यही शब्द प्रयोगमा आएको हुनुपर्छ । अथवा देश आएको व्यक्तिले ‘म देश आएको’, ‘म देश आएको’ भन्दाभन्दै कालान्तरमा म र देशको उच्चारण एकसाथ मिसिएर मदेस आएको भन्ने हुन गएर यस क्षेत्रको नाम नै मदेस हुन गएको हुनुपर्छ ।

जे होस्, तराई क्षेत्रका बासिन्दालाई तराइलीभन्दा मधेसी भन्नुमा बढी सजिलो र आफ्नोपन अनुभूति हुने गर्दछ । मधेस आन्दोलन र त्यसपछिका गतिविधिहरूले मधेस शब्द सबैका लागि ग्राह्य बन्न पुग्यो तर अहिले जब प्रदेश २ को नाम मधेस प्रदेश रहन गएको छ तब व्यापक असन्तुष्टि र प्रतिक्रियाहरू आएका छन् । अब प्रदेशसभाले यस प्रदेशको नाम मधेस र राजधानी जनकपुर निर्धारित गरिसकेपछि धेरैतिरबाट यस प्रदेशको नाम मधेस रहन गएकोमा असन्तुष्टि आएको छ । यसरी असन्तुष्टि जाहेर गर्नेमा केही मिथिला पक्षका कट्टर र केही पहाडी समुदायका मानिस रहेका छन् । अब निर्धारण भइ नै सक्यो । हरेक ठूलो कार्यको प्रतिक्रिया आउने नै गर्छ । एउटा प्रदेशको नाम यहाँको बहुसङ्ख्यक बासिन्दाको संयुक्त पहिचानको आधारमा भएको छ । लोकतान्त्रिक विधिबाट नाम तय भएको हो र सभ्य तथा शिष्ट किसिमले प्रतिक्रिया दिनु लोकतन्त्रको मर्यादाभित्र पर्दछ । सुझाव दिने कार्य लोकतन्त्रको गहना नै हो । यस अर्थमा प्रतिक्रियाहरूलाई अस्वाभाविक मान्नुहुँदैन । प्रदेशको नामको विषयमा जति धेरै प्रतिक्रिया आएका छन्, यीभन्दा फरक व्यवहार राजधानीको विषयमा देखिएको छ । मुख्यगरी पर्साका नागरिकले राजधानी वीरगंज हुन नसकेकोमा आन्दोलन गरेका छन् ।

पर्सेली नागरिकको माग जायज हो तर यो आन्दोलन त्यतिखेर भइरहेको छ जतिखेर मुठीको सबै बालुवा भुइँमा झरिसकेको छ । अब मुठी खाली भइसकेको छ र जति कसे पनि हातबाट फुत्केको बालुवालाई पुनः मुठीमा पार्न सकिंदैन । फेरि पनि माग जायज छ, तर अब आन्दोलन गरेर के नै प्राप्ति होला ? यस विषयमा गम्भीर भएर विचार गर्नुपर्छ । वास्तवमा आन्दोलन भनेको आक्रोशको प्रस्फुटन हो । अहिलेको पर्सेली नागरिकको आन्दोलन यही आक्रोशको प्रस्फुटन हो । र यो प्रस्फुटनको बखत त्यो हो जब देशमा कोरोनाको विस्फोट भएको छ । देशमा कोरोना सङ्क्रमणको गति अत्यन्त तीव्र भएको बखत भइरहेको पर्सेली नागरिक आन्दोलनले कोरोनाको प्रोटोकललाई स्वतःस्फूर्त परिपालन गर्ने हो कि ?

मधेस प्रदेशको पहिलो मुख्यमन्त्री पर्सा जिल्लाले पाएकोमा गर्व छ । अब यस प्रदेशको नाम मधेस रहिसक्यो र नाम तथा राजधानी परिवर्तन गर्न झन्डै असम्भवजस्तै छ । प्रदेशसभाले दुई तिहाईले निर्धारण गरिसकेको नाम र प्रदेशको राजधानी फेरि संशोधन गर्न मिल्छ कि मिल्दैन ? संविधानमा के कस्तो व्यवस्था छ भन्ने कुरामाथि पनि विचार पुऱ्याउनु आवश्यक छ । यदि संशोधन हुन्छ भने पनि दुईतिहाई बहुमत त चाहिन्छ । अब एकचोटि जनकपुर राजधानी घोषित भइसकेपछि यसलाई उल्टाउन अर्को दुईतिहाई बहुमत चानचुने कुरो होइन । लेखक विश्वराज अधिकारीले भनेजस्तो वीरगंजलाई प्रदेशको मुख्य आर्थिक नगरी र देशको आर्थिक राजधानीको रूपमा विकास गर्नुपर्छ । यद्यपि वीरगंज राजनैतिक राजधानी बन्नुपर्छ भन्ने कुरो व्यक्तिगत रूपमा मलाई पनि लागेकै थियो ।

# सर्वोच्च अदालतमा जरुरी मुद्दामा मात्र सुनुवाइ हुने

काठमाडौं, ५ माघ/रासस

सर्वोच्च अदालतमा कोरोना भाइरसको सङ्क्रमण बढ्दै गएका कारण बुधवारदेखि अतिआवश्यक मुद्दामा मात्र सुनुवाइ हुने भएको छ । सर्वोच्चको मङ्गलवार बसेको पूर्ण बैठक (फूलकोर्ट)ले कोरोना सङ्क्रमण बढ्दै गएपछि बुधवारदेखि आफ्नो सेवा कटौती गर्ने निर्णय गरेको थियो ।




बन्दी प्रत्यक्षीकरण तथा कोभिड महामारीसँग सम्बन्धित, अत्यन्त जरुरी प्रकृतिका जीवन र जनस्वास्थ्य तथा सार्वजनिक महत्त्वका मौलिक हकसँग सम्बन्धित रिट निवेदनहरूको मात्र नियमितरूपमा सुनुवाइ गर्ने निर्णय गरेको सर्वोच्चका प्रवक्ता बाबुराम दाहालले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ । यही माघ १८ गतेसम्मका लागि सेवा कटौती गर्ने निर्णय भएको हो ।

सो अवधिमा मुद्दा फिर्ता, तामेली एवं मिलापत्रसम्बन्धी कामकारबाई नियमितरूपमा सञ्चालन हुने, मुलुकी फौजदारी कार्यविधि अनुसार थुनुवा रहेका व्यक्तिहरूको निवेदन तथा प्रतिवेदनउपर सुनुवाइ हुनेछ । त्यस्तै, थुनुवा भएका मुद्दाको सुनुवाइ गर्ने, हेर्दाहेर्दै र निर्णय सुनाउनेमा रहेको मुद्दाको सुनुवाइ गर्ने र सरकारको तर्फबाट दर्ता भएका प्रत्यर्थी झिकाउने आदेश नभएका पुनरावेदनको सुनुवाइ गर्ने रहेको छ ।

उच्च र जिल्ला अदालत, अरू न्यायाधीकरणहरूको हकमा स्थानीय परिस्थिति एवं जोखिमको अवस्था तथा सङ्क्रमित भएको अवस्थासमेतको मूल्याङ्कनका आधारमा कामकारबाई गर्ने व्यवस्था मिलाउने बैठकले निर्णय गरेको छ ।

## यो कथा पर्साको मात्र होइन ...

पाठक प्रतिक्रिया

३ गते प्रतीकमा कुमार रूपाखेतीको लेख ‘एमाले पर्सा’ पढें । यो कथा एमाले पर्सा मात्रको होइन, सम्पूर्ण देशको एमालेको पनि कथा हो । पर्सामा हानाहान भए पनि बारामा त्यस्तो देखिएन । ओलीगामीहरूको लागि यही प्रशस्त छ । चैतेहरूले त एमालेलाई मात्र होइन, नेपाली काङ्ग्रेसलाई पनि ध्वस्त पारेका छन् । न चाल्नो दोष दिन लायक, न सुप सराहना गर्न लायक । ओली यदि कम्युनिस्ट हुन् भने अधिनायक को हो ? अब त उनी छ इन्च छोटो भएको समूहमा सामेल भएका छन् । अब जनता र चुनाव मात्र छ, जसले ओलीलाई पनि छ इन्च छोटो गरिदिन्छ कि कुन्नि ? पशुपतिको जलप, माडीको अयोध्याकाण्ड र होलीवाइनले जनताको भ्रम टुट्यो कि टुटेन त्यो चुनावले नै बताउनेछ ।

ओली पनि कम्ता बाठा छैनन् । एउटा वर्गले उनलाई यस्तो समातेको छ कि अब उनलाई कम्युनिस्ट जनता आवश्यक छैन । यो त्यही वर्ग हो, जसले कसैलाई पनि, कुनै व्यवस्था आए पनि, आफ्नो हातबाट फुत्किन दिंदैन । ओली आफैं फुत्किन चाँहदैनन् । तर के गर्ने, हारेपछि त्यही वर्गले उनलाई भीरबाट लडाइदिन बेर लाउनेछैन ।

डा शिवशङ्कर यादव, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# डेरावालसँग बढी महसूल असुले लाइन काटिन्छ

काठमाडौं ५ माघ/रासस

के तपाई अब विद्युतीय सवारीसाधन प्रयोग गर्ने सोचमा हुनुहुन्छ ? त्यसका लागि चार्जिङ सिस्टम कसरी जडान गर्ने र त्यसको बिल कसरी तिर्ने भन्ने जिज्ञासा पनि स्वाभाविकरूपमा आउँछ नै । नेपाल विद्युत प्राधिकरणले अब विद्युतीय गाडी प्रयोग गर्ने व्यक्तिका लागि आफ्नै घरमा छुट्टै मिटर राखेर गाडी चार्ज गर्न पाउने व्यवस्था गरेको छ ।

घरायसी प्रयोजनका लागि स्वीकृत लोडले नधानेर गाडी चार्ज गर्न नसकिएमा ग्राहकले आफ्नो घरको कम्पाउन्डमा ठूलो क्षमताको छुट्टै मिटर राखी गाडी चार्ज गर्न पाउनेछन् । प्राधिकरणले विद्युत् वितरण विनियमावली, २०७८ मार्फत घरमै विद्युतीय गाडी चार्ज गर्न छुट्टै मिटर माग गरेमा ग्राहकलाई मिटर दिने व्यवस्था गरेको हो ।

प्राधिकरण सञ्चालक समितिको गत २० पुसको ८९२औं बैठकबाट पारित भएको विनियमावली कार्यान्वयनमा आइसकेको छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युत् सेवा छिटो, सर्वसुलभ एवं सहजरूपमा उपलब्ध गराउन र विद्युत् खपत बढाउने गरी ग्राहकमैत्री नयाँ विद्युत् वितरण विनियमावली कार्यान्वयमा ल्याइएको जानकारी दिए । उनले भने, "विगतमा लोडसेडिङको अवस्थामा हरेक कुरामा प्रतिबन्ध लगाउन खोजिएको थियो, अहिले लोडसेडिङ अन्त्य भई मुलुकभित्र उत्पादित विद्युत् यही खपत बढाउनुपर्ने बाध्यात्मक अवस्था छ, यसलाई ध्यान दिई ग्राहकलाई माग बमोजिम छिटोभन्दा छिटो भरपर्दो तथा गुणस्तरीय सेवा उपलब्ध गराउने र विद्युत् खपत बढाउने गरी नयाँ विनियमावली कार्यान्वयनमा ल्याएका छौं ।"

बिजुलीको खपत बढाउन विद्युत् महसूल घटाउँदै लगेको छ । सेवालाई पनि सहजीकरण गरी ग्राहकमैत्री बनाउन अधिकतम प्रयास गरिरहेको छ । विनियमावलीमार्फत प्राधिकरणले विद्युतीय सवारीसाधनका लागि चार्जिङ पूर्वाधार निर्माण तथा सञ्चालनका नीति कार्यान्वयनमा ल्याएको छ । निजी आवास, कार्यालय, फर्म/कम्पनी/संस्थामा निजी र सार्वजनिक स्थल, निजी घरजग्गामा सार्वजनिक चार्जिङ स्टेशन स्थापना गर्न स्वीकृत प्राप्त निकाय/फर्म/व्यक्ति/कम्पनीलाई अनुमति दिनेछ । मुख्य–मुख्य शहरी क्षेत्रमा सार्वजनिक चार्जिङ स्टेशन सञ्चालन गर्ने संस्थालाई प्राथमिकता दिइनेछ ।

साथै, सरकार, सार्वजनिक संस्थान र स्थानीय तहले सार्वजनिक चार्जिङ स्टेशन सञ्चालन गर्न चाहेमा प्राथमिकता दिइने व्यवस्था गरिएको छ । सरकारबाट स्वीकृत लिएर सार्वजनिक जग्गामा सार्वजनिक विद्युतीय सवारी चार्जिङ स्टेशन स्थापना गर्न चाहेमा पनि स्वीकृति दिने व्यवस्था गरिएको छ । विनियमावलीमार्फत सार्वजनिक चार्जिङ स्टेशनको प्रवर्द्धनका लागि विशेष व्यवस्था गरिएको कार्यकारी निर्देशक घिसिङले बताए ।

उनले भने, "दुई सय केभिएसम्मको विद्युत् डिमान्ड भएका चार्जिङ स्टेशन स्थापना गर्ने सेवाप्रदायकलाई प्राधिकरणले ट्रान्सफर्मरसहितको विद्युत् सेवा प्रवाह गर्नेछ । त्योभन्दा माथिल्लो डिमान्ड हुने चार्जिङ स्टेशनको हकमा भने एचटी लाइनको काम प्राधिकरणले गर्नेछ तर ट्रान्सफर्मर जडानलगायतका बाँकी काम सेवाप्रदायकले नै गर्नुपर्नेछ ।" चार्जिङ स्टेशनका लागि छुट्टै विद्युत् महसूलसमेत लागू भइसकेको छ ।

**चिस्यान केन्द्र, खानेपानी र सिंचाइलाई सुविधा**

प्राधिकरणले सहकारी संस्थाले सञ्चालन गरेका दुग्ध चिस्यान केन्द्र तथा शीतभण्डार र सहकारी संस्था वा समुदायमार्फत सञ्चालित खानेपानी तथा सिंचाइलाई पनि सुविधा दिएको छ । दुई सय केभिएसम्म डिमान्ड भएका त्यस्ता ग्राहकलाई प्राधिकरणले आफ्नै ट्रान्सफर्मरबाट विद्युत् आपूर्ति दिनेछ ।

यसबाट त्यस्ता ग्राहकको ट्रान्सफर्मर खरीदमा हुने खर्च कटौती भई यो सुविधाबाट लाभान्वित हुने कार्यकारी निर्देशक घिसिङले उल्लेख गरे । उनले भने, "यसअघि ग्राहकले प्राधिकरणको ट्रान्सफर्मरबाट ५० केभिएसम्मको मात्र र त्यसभन्दा बढीको लोड लिनुपरेमा आफ्नै खर्चमा ट्रान्सफर्मर खरीद गर्नुपर्ने व्यवस्था थियो । अब यसलाई हटाएर एक सय केभिएसम्म लोड लिने उद्योगलाई प्राधिकरणकै ट्रान्सफर्मरबाट विद्युत् आपूर्ति दिने व्यवस्था गरी ग्राहकलाई राहत दिन खोजेका छौं ।" एक सय केभिएभन्दा बढी लोड चाहिएमा भने ग्राहक आफैंले ट्रान्सफर्मर किन्नुपर्नेछ ।

यसअघि उपलब्ध ट्रान्सफर्मरको क्षमताको ५० प्रतिशत मात्रै विद्युत् आपूर्ति दिने गरिएकोमा अब यस्तो सिलिङ हटाएर ग्राहकलाई सुविधा दिन खोजिएको छ ।

**डेरावालसँग बढी महसूल असुलेमा लाइन काटिने**

घरधनीले घरभाडामा बस्ने व्यक्तिसँग प्राधिकरणले तोकेको महसूलभन्दा बढी रकम असुल गरेमा लाइन काट्न सकिने व्यवस्था गरेको छ । घरधनीले डेरावालसँग महँगो विद्युत्को महसूल असुल गरेको गुनासो आएपछि प्राधिकरणले तोकिएकोभन्दा बढी महसूल लिएको पाइएमा त्यस्ता घरधनीको लाइन काट्ने व्यवस्था गरेको हो । यसबाट घरभाडामा बस्ने उपभोक्तालाई सर्वसुलभ विद्युत् सेवाको प्रत्याभूति हुनेछ ।

भाडामा बस्ने व्यक्तिले तोकिएका निश्चित शर्त पूरा गरी छुट्टै मिटर राखी विद्युत् सेवा लिन सकिने व्यवस्था गरिएको छ । यस्तो व्यवस्थाबाट घरभाडामा बस्ने उपभोक्ताले समेत अन्य ग्राहक सरह सर्वसुलभ विद्युत् सेवा उपभोग गर्न पाउनेछन् ।

बक्यौता भुक्तानी गर्ने प्रतिबद्धतासहित छुट्टै मिटर राख्नको लागि घरधनीको लिखित सहमति, घरधनी र बहालमा बस्नेबीच कम्तीमा एक वर्षका लागि गरिएको घरबहाल सम्झौता, घरबहालमा बस्ने व्यक्तिलाई छुट्टै मिटर दिन प्राविधिक दृष्टिकोणबाट उपयुक्त भएमा, घरधनीको बाँकी बक्यौता नभएमा र बहालमा बस्नेको मिटरसमेत एउटै स्थानमा राख्न सकिने गरी वायरिङको व्यवस्था गरिएका शर्त पूरा गर्नुपर्नेछ ।

**अपार्टमेन्टमा बस्नेले प्राधिकरणबाट सीधै विद्युत् लिन सक्ने**

अपार्टमेन्ट, बहुतले आवासीय भवन, कोलोनीमा बसोबास गर्ने उपभोक्तालाई तोकिएका शर्त पूरा भएमा अन्य ग्राहकसरह विद्युत् सेवा उपलब्ध गराउने व्यवस्था विनियमावलीमा गरिएको छ । अहिले अपार्टमेन्टहरूले आफ्ले प्राधिकरणबाट विद्युत् लिएर त्यहाँभित्र बस्नेलाई महँगो शुल्क लिएर आपूर्ति दिंदै आएका छन् । अब अपार्टमेन्टमा बस्नेले

(बाँकी चौथो पातामा)

# जाडोले जनजीवन प्रभावित

प्रस, गरुडा, ५ माघ/

केही दिनदेखि निरन्तर घाम नलाग्ने र दिनरात चीसो पश्चिमी हावा चल्ने क्रम जारी रहँदा जनजीवन प्रभावित भएको छ । आकाश पूरै गजधम्म परेको र कठ्याङ्ग्रिदो वातावरणले सर्वसाधारणलाई घरबाट बाहिर निस्कन मुश्किल पर्दै गएको छ ।


तस्वीरः प्रतीक

अत्यधिक जाडोले जनजीवन प्रभावित भएको र धेरै क्षेत्रमा समस्या देखिएको बुद्धिजीवीहरूले बताउन थालेका छन् । अत्यधिक जाडोले जनजीवन प्रभावित बन्न पुग्दा सर्वसाधारण दिनभर आगोको छेउमा बस्न रुचाउन थालेका कटहरियाका ममताज रायभाटको भनाइ छ । मानिस दिनभर घुरको छेउमा बसेर जीउ तताउँछन्, समाजसेवी ममताज भन्छन् ।

अत्यधिक जाडो बढेपछि इलाका प्रहरी कार्यालय, गरुडाले केही मुख्य चोक तथा बजारमा सर्वसाधारणलाई आगो ताप्न दाउरा पनि वितरण गरेको छ । साइकल तथा मोटरसाइकल चालक र पैदल यात्रुलाई अत्यधिक चीसोले समस्या हुन थालेपछि केही मात्र भएपनि राहतको लागि दाउरा ठाउँठाउँमा बाल्न सहयोग गरेको इलाका प्रहरी कार्यालय, गरुडाले जनाएको छ ।

जाडो बढ्दै गएपछि व्यापार तथा यातायातमा पनि प्रभाव परेको देखिएको छ ।

पहिलेको तुलनामा सार्वजनिक यातायातमा सर्वसाधारण कम हिंड्न थालेको पाइएको छ भने साइकल, मोटरसाइकल तथा बसमा पनि तुलनात्मकरूपमा यात्रु कम भएको पाइएको छ ।

रौतहट उद्योग वाणिज्य सङ्घका अध्यक्ष पण्डितप्रसाद जयसवालले व्यापार व्यवसायको क्षेत्रमा पनि जाडोको प्रभाव देखिएको बताएका छन् । जिल्लाका मुख्य बजारहरूमा ग्राहकको सङ्ख्या घटेकाले व्यापार व्यवसायमा असर पुगेको अध्यक्ष जयसवालले बताएका छन् ।

अत्यधिक जाडोले गर्दा आफ्नै घरबाट बाहिर निस्किन डर लाग्न थालेको सर्वसाधारणको भनाइ छ । कामै नपरी घरबाट बाहिर निस्कँदा कपकपाउँदो जाडोले रुघाखोकी तथा ज्वरोको समस्या आउने डर रहेकोले घरबाहिर निस्कन डर लागेको बुद्धिजीवीहरू बताउँछन् ।

घामको मुख नदेखेको चार दिन बित्दा अस्पताल तथा औषधिपसलमा रुघाखोकी र ज्वरोको औषधि सेवन गर्नेको सङ्ख्या बढेको एक औषधि व्यवसायीले जानकारी गराए ।

# विद्यालय भवन शिलान्यास गर्न पाउनु ठूलो सफलता –नगरप्रमुख कुशवाहा

प्रस, गरुडा, ५ माघ/

रौतहटको कटहरिया नगरपालिकाका प्रमुख सियाराम कुशवाहाले आफ्नो गाउँमा विद्यालय भवनको शिलान्यास गर्न पाउनु ठूलो सफलताको कुरा भएको आफूलाई लागेको बताएका छन् ।



कटहरिया नपा–२ जमुनियामा माध्यमिक विद्यालय भवन शिलान्यास गर्दै नगरप्रमुख कुशवाहाले जम्मा १७ धुर जग्गामा बनेको पुरानो संरचनाको विद्यालय भवनमा माध्यमिक तहसम्म कक्षा सञ्चालन भइरहेको अवस्थामा अनेक प्रतिकूलतालाई चिर्दै विद्यालय भवन शिलान्यास गर्न पाउनु ठूलो सफलता भएको बताएका छन् ।

अत्यन्त साँघुरो ठाउँमा विद्यालय सञ्चालन भइरहेकोमा गत तीन वर्षदेखि विद्यालयको लागि जमीन खोज्ने काम भइरहेको थियो तर सफलता प्राप्त भइरहेको थिएन । विद्यालयको लागि गत हप्ता मात्र छ कट्ठा साढे अठार धुर जमीन पास भएको र विद्यालयसम्म पुग्नको लागि सडक खोलेर एक हप्तामै विद्यालय भवनको शिलान्यास गर्न सम्भव भएको छ ।

प्राथमिक तह सञ्चालन भइरहेको नगरप्रमुख कुशवाहाको गाउँमा गत चार वर्षमा कक्षोन्नति हुँदै कक्षा नौसम्म पठनपाठन भइरहेको छ । विद्यालय भवनको अभावमा दुई सिफ्टमा सञ्चालन हुँदै आएकोमा आउँदो शैक्षिक सत्रदेखि भवनको समस्या समाधान हुने विश्वास लिएको नगरप्रमुख कुशवाहाले बताए ।

आफूले कक्षा पाँचसम्म पढेको विद्यालयको दुर्दशा देखेर आफूलाई अप्ठ्यारो लाग्ने गरेको तर सडक तथा स्वास्थ्यमा बढी ध्यान गएको र विद्यालयको लागि जमीन किन्न निकै मुश्किल भएकोले भवन निर्माण समयमा हुन नसकेकोमा दुःख लागेको बताए ।

नगरपालिकाले निकासा दिएको करीब चालीस लाख रुपैयाँमा जग्गा खरीद तथा भवन निर्माण समितिले विद्यालयको नाममा जमीन किनेको हो । समितिका अध्यक्ष रामसिनेही पटेलले आगामी नब्बे दिनभित्र चार कोठाको भुइँतला र त्यसैमाथि थप दुई कोठाका साथै अलगै व्यवस्थित शौचालयको निर्माण गरिसक्ने लक्ष्य रहेको बताएका छन् । शौचालयसहित भवनको लागत करीब ५९ लाख रहेको नगरपालिकाका प्राविधिक प्रमुख इन्जिनीयर सञ्जयप्रसाद साहले जानकारी गराएका छन् ।

विद्यालयका प्रधानाध्यापक अनिलकुमार निधिले विद्यालय सञ्चालनको लागि भवनको अभाव झेलिरहेको अवस्थामा अब निकास पाएको बताएका छन् । समयमा निर्माण सम्पन्न हुन सकेमा आगामी शैक्षिक सत्रदेखि एक ठाउँमा कक्षा पाँचसम्म र अर्को ठाउँमा कक्षा छदेखि दशसम्म सञ्चालन हुने बताउँदै तत्कालको लागि केही हदसम्म कक्षाकोठा अपुग हुने समस्या समाधान हुने आशा रहेको बताए ।

# प्रखण्ड प्रमुख कार्यालयको उद्घाटन

प्रस, रक्सौल, ५ माघ/

स्थानीय प्रखण्ड प्रमुखको कार्यालयको मङ्गलवार उद्घाटन गरिएको छ ।



तस्वीरः प्रतीक

पूर्वमन्त्री श्यामबिहारी प्रसाद, जदयुका प्रदेश सचिव कपिलदेवप्रसाद पटेल, काङ्ग्रेसका नेता रामबाबू यादव र नवनिर्वाचित प्रखण्ड प्रमुख श्याम पटेलले संयुक्तरूपमा कार्यालयको उद्घाटन गरेका थिए ।

प्रखण्ड प्रमुख पटेलले भेदभावविना सेवाग्राहीको कार्य गर्ने बताए । कार्यक्रममा शम्भु दास, मो नवी हसन, मञ्जु साह, नायब आलम, अशोककुमार, अलखदेव राय, रामयस सिंह, वीरेन्द्र पटेल, जीतेन्द्र यादव, अजय कुशवाहालगायतको सहभागिता थियो ।


कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोन सङ्क्रमण बढेपछि स्वास्थ्य सुरक्षाको लागि मास्क प्रयोग गर्दै निजगढका किशोरीहरू । यहाँ सार्वजनिक स्थलमा मास्क अनिवार्य गरिएको छ । तस्वीरः जीतलाल श्रेष्ठ

# लोसपाले बलिदानी दिवस मनायो

प्रस, सिम्रौनगढ, ५ माघ/

सिम्रौनगढ नगरपालिका–७ भवानीमा बुधवार बलिदान दिवस मनाइएको छ ।

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल सिम्रौनगढ नगर कमिटी अध्यक्ष किशोरीसाह कलवारको अध्यक्षतामा मनाइएको बलिदान दिवसमा शहीदहरूको सम्झनामा मैनबत्ती बालिएको थियो । कार्यक्रममा लोसपा नेता राजेश यादव, परमानन्द मुखिया, शेख मोतिम, डा रामबाबू कुशवाहा, रामबाबूप्रसाद यादव, हेमचन्द्रप्रसाद जयसवार, डा मन्जुर अन्सारी, रामबहादुर पटेललगायतले मन्तव्य व्यक्त गरेका थिए ।


तस्वीरः प्रतीक

कार्यक्रमको सञ्चालन सियाराम यादवले गरेका थिए ।

# नेपालमा समाजवादका पाँच चुनौती

मन्तव्य



सन्नी लामा
sunnylama6@gmail.com

**विगत ३० वर्षदेखि नेपालमा सरकार र प्रतिपक्षमा स्वघोषित समाजवादी राजनीतिक दलहरू रहेका छन्। तर ती दलका अधिकांश नेता कि आफैं उद्योगपति, ठेकेदार र पूँजीपति हुन्, कि पूँजीपतिको सहयोगमा निर्वाचन जित्नेहरू हुन्, जो निकटस्थ व्यापारिक संस्थाको सेवामा तल्लीन छन्।**

एरिस्टोटल र जेम्स म्याडिसन दुवै, लोकतन्त्रमा स्वतन्त्र मानिसहरूले एकजुट भएर धनीहरूको सम्पत्ति अधिग्रहण गर्न सक्छन् भन्ने कुरामा विश्वास गर्थे। यता मार्क्स र एङ्गल्स पनि एउटै निष्कर्षमा पुगेका थिए कि उनीहरूको मनमा भएको साम्यवादी क्रान्ति लोकतान्त्रिक माध्यमबाट आउन सक्छ र संसद्बाट लागू हुन्छ। तर लोकतान्त्रिक राष्ट्रहरूमा आर्थिक असमानताको वर्तमान अवस्थाले एरिस्टोटल र म्याडिसनको डर तथा मार्क्स र एङ्गल्सको आशा आधारहीन देखिएको छ। समाजवादी आन्दोलन सफल हुन, लोकतन्त्रमा मतदाताले वर्गीय चेतनाको आधारमा मतदान गर्नुपर्छ। त्यसपछि धेरै गरीबले थोरै धनीलाई सजिलै पन्छ्याउँदै आर्थिक असमानता घटनेगरी उग्र प्रगतिशील कर प्रणाली लागू गर्न सक्छन्, र त्यसबाट आर्जित कोषहरू कल्याणकारी कार्यक्रमहरूमा प्रयोग गर्न सक्छन्। तर नेपालमा मजदूर वर्गलाई समाजवादी लक्ष्य प्राप्त गर्न धेरैथरी प्रक्रियाले रोकेको छ।

पहिलो, निर्वाचन खर्च– धेरै लोकतान्त्रिक देशहरूमा, चुनावी अभियानहरूमा असीमित खर्च हुने गर्दछ। नेपालमा निर्वाचनसम्बन्धी वित्तीय आचारसंहिता कार्यान्वयन गर्ने तत्परता फितलो छ, जसले राजनीतिज्ञहरूलाई व्यापारीहरूसँग चन्दा लिन र चुनाव अभियानमा तोकिएको सीमाभन्दा बढी खर्च गर्नबाट रोक्न सकेको छैन। सुप्रसिद्ध बुद्धिजीवी नाम चोम्स्कीका अनुसार धेरै पैसाले राजनीतिको परिधिलाई पूरै साँघुरो बनाउँछ, जहाँ अन्ततः यस्ता दल, उम्मेदवार र अभियानहरू मात्र बाँकी रहन्छन्, जो ठूला दाताहरूलाई स्वीकार्य हुन्छन्। ठूला दाताहरूलाई आर्थिक मुद्दा स्वीकार्य हुन्न, फलस्वरूप निर्वाचनमा राजनीतिक दलहरूले आर्थिक असमानताका मुद्दा उठाउँदैनन्, बरु धार्मिक–सांस्कृतिक मुद्दाहरूमा मात्रै बहस हुन्छ। विविधतायुक्त समाजमा, धार्मिक–सांस्कृतिक मुद्दाहरूले सर्वहारा वर्गबीच फाटो ल्याउँछ, एउटा धार्मिक–सांस्कृतिक समूहलाई अर्को धार्मिक–सांस्कृतिक समूहविरुद्ध उभ्याउँछ। यसले मजदूर वर्गको ऐक्यबद्धता अझ कमजोर हुन्छ र वर्गीय मतदान कम हुन्छ। राजनीतिमा ठूलो पैसाको प्रभावलाई निस्तेज पार्न सके मात्र आर्थिक मुद्दाहरूमा वर्गीय मतदान सम्भव हुन्छ, त्यसका लागि चुनावको राष्ट्रियकरण हुनुपर्छ, निजी क्षेत्रबाट आउने चन्दामा बन्देज लाग्नुपर्छ।

दोस्रो, निर्वाचन प्रणाली– नेपालमा प्रतिनिधिसभाका २७५ सांसदमध्ये १६५ सांसद 'पहिलो हुने निर्वाचित हुने' निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित हुन्छन्। फ्रेन्च समाजशास्त्री मौरिस डुवर्जरका अनुसार यस प्रणालीमा अधिकांश मतले चुनावी नतीजामा कुनै प्रभाव पार्दैन, किनकि विजयीहरू प्रायः एक तिहाइ वा त्यसभन्दा कम मतले निर्वाचित हुन्छन्। समय बित्दै जाँदा मतदाताहरूले यो कुरा थाहा पाउँछन्, र उनीहरूको ध्यान राम्रो नीति र आचरण भएकाभन्दा जित्ने सम्भावना बढी हुने व्यक्तिलाई मतदान गर्नेतर्फ मोडिन्छ। साना राजनीतिक दलले पनि यो कुरा थाहा पाउँछन्, र बढी मत ल्याउनका लागि गठबन्धन बनाउन थाल्छन्। यी गठबन्धनहरूमा राजनीतिक दर्शन कम र पदको बाँडफाँड बढी हुन्छ। डुवर्जरका अनुसार राजनीतिक क्षेत्र बिस्तारै दुईवटा गठबन्धनमा परिणत हुन्छन्। अन्ततः निर्वाचन, मतदातालाई उपलब्ध दुई खराब विकल्पमध्ये कम खराब विकल्प छान्ने प्रक्रियामा सीमित हुन्छ। दल र उम्मेदवार दुवैलाई किनिदिएपछि उद्योगपतिले जसले जिते पनि सजिलै आफ्नो हितमा आर्थिक नीति बनाउन सक्छन्। तसर्थ राजनीतिक दर्शनको पवित्रता र विकल्प जोगाउन हामी प्रत्यक्षतर्फ 'पहिलो हुने निर्वाचित हुने' निर्वाचन प्रणालीबाट 'स्टार भोटिङ' अथवा 'रेक्ड–चोइस' भोटिङ प्रणालीमा जानुपर्छ।

तेस्रो, मतदानको अधिकार– ४० लाखभन्दा बढी नेपाली कामदार वैदेशिक रोजगारमा रहेको अनुमान छ। श्रमिकहरू समाजवादी अभियानका लागि भोट बैंक हुन्। आफूलाई समाजवादी भन्न रुचाउने राजनीतिक दलहरूले वैदेशिक रोजगारमा रहेका नेपाली श्रमिकहरूको मतदान अधिकार सुनिश्चित गर्न मरिहत्ते गर्नुपर्थ्यो। तर चार वर्षअघि आएको उच्च न्यायालयको निर्देशन नटेरी राजनीतिक दलहरूले वैदेशिक रोजगारमा रहेका नेपाली श्रमिकहरूको मतदान अधिकार सुनिश्चित गर्न कुनै जाँगर देखाएका छैनन्। भारत र अस्ट्रेलियाजस्ता ठूला देशमा छरिएर रहेका नेपाली श्रमिकहरूका लागि मतदान व्यवस्था मिलाउन गाह्रो होला तर मलेशिया र कतारजस्ता मध्यम र साना देशमा मतदान व्यवस्था मिलाउन गाह्रो हुँदैन। दुई वर्षअघि इन्डोनेशियाले आफ्ना ४० हजारको हाराहारीमा रहेका श्रमिकहरूका लागि कतारमा मतदानको व्यवस्था गर्‍यो। कतारमा मात्र आधिकारिकरूपमा कार्यरत नेपाली श्रमिकहरूको सङ्ख्या झन्डै तीन लाख छ।

चौथो, शिक्षा प्रणाली– नेपालका विद्यालय र विश्वविद्यालयहरूमा घोकन्ते शिक्षा प्रणाली लागू छ। 'पेडागोजी अफ अपरेस्ड' पुस्तकका लेखक पाउलो फ्रेरे लेख्छन्– बैंकिङ (घोकन्ते) शिक्षा प्रणालीले ज्ञान, कल्पना, र मुक्तिको इच्छा नभएका जनता उत्पादन गर्छ, जो सजिलै मिडियाको प्रोपागन्डामा फस्छन्। र यो कुरा सत्ताधारी पूँजीपतिहरूको हितमा छ। विद्यार्थीहरूलाई सिकाइन्छ कि कडा परिश्रमले सफल भइन्छ, तर वास्तविकता के हो भने पूँजीवादी व्यवस्थामा मजदूर वर्गको उत्थान हुने एकदम न्यून सम्भावना हुन्छ। र जब धेरै सङ्ख्यामा डिग्री होल्डरहरू कम पारिश्रमिक पाउने पटचारलाग्दो काम गर्न बाध्य हुन्छन्, उनीहरूलाई मिडियाको प्रोपागन्डामार्फत आफ्नै कमीकमजोरीमा दोषारोपण गर्न सिकाइन्छ। जसले पूँजीवादी व्यवस्थामा पनि जसोतसो सफलता प्राप्त गर्छन्, र तिनले स्वाभाविकरूपमा विद्यमान प्रणालीको रक्षा गर्छन्। आलोचनात्मक सोचको कमीले बेरोजगारी भएका र न्यून पारिश्रमिकमा फसेकाहरूले आर्थिक र शैक्षिक प्रणालीको अन्तर्निहित समस्या पहिचान गर्न सक्दैनन्। यतिमात्र होइन, घोकन्ते शिक्षाकै कारण समाजले उपभोगलाई सर्वेसर्वा मान्दछ, बुद्धिजीवी र वैज्ञानिकभन्दा करोडपतिलाई आदर्श मान्दछ, जसको वास्तविक सामाजिक योगदान फोहोर सङ्कलक, नर्स, शिक्षक अथवा किसानभन्दा बढी छैन। तर घोकन्ते शिक्षा पाएकाले समाजको अति आवश्यक पेशालाई सानो ठान्छन् र त्यस पेशासँग आबद्ध श्रमिकहरूसँग पनि सम्बन्ध राख्न चाहँदैनन्। घोकन्ते शिक्षा पाएकाले बिस्तारै सर्वहारा वर्गसँग ऐक्यबद्धता गुमाउँछन्। त्यसैले पाउलो फ्रेरे भन्छन्– समाजवादको लक्ष्य साकार पार्न हामीले आलोचनात्मक सोचको विकास हुने शिक्षा प्रणाली अँगाल्नुपर्छ।

पाँचौं, सांस्कृतिक पुनरुत्थान– नेपाली समाज धेरै रूढिवादी छ, र लामो समयसम्म आधुनिक विचारको प्रतिरोध गरेर हामीले यसको आर्थिक–सामाजिक मूल्य चुक्ता गरेका छौं। तर सन् १९५० र त्यसपछिका दशकमा, पश्चिमा सिद्धान्तको लोकप्रियता बढ्दै गयो। कुनै पनि उत्पीडनविरुद्ध सर्वहारावर्गको प्रमुख शक्ति उनीहरूबीचको ऐक्यबद्धता हो। लोकतन्त्र र समाजवादी विचारधाराको आगमनले नेपाली सर्वहारावर्गलाई सामन्तवादी शक्तिविरुद्ध एकजुट बनायो। फलस्वरूप आर्थिक र सांस्कृतिकरूपमा उत्पीडित अल्पसङ्ख्यकहरूको अवस्थामा क्रमिक सुधार भयो। पछिल्लो समय हामी भाषा–संस्कृति पुनरुत्थानको नयाँ युगमा प्रवेश गरेका छौं। यसपटक सर्वहारावर्ग जातपात र पितृसत्तात्मक संस्थाहरूविरुद्ध ऐकताबद्ध भएको छ। तर जातीय–लैङ्गिक मुद्दामा मत हाल्ने धेरै मतदाताले वर्गीय चेतना गुमाउन सक्ने जोखिम पनि बढेको छ। समाजवादी अभियन्तासमक्ष अहिले सांस्कृतिक न्यायसहितको भौतिकवादी विचारधारा निर्माण गर्ने नयाँ चुनौती उदाएको छ। समाजका रुष्ट समूहलाई सांस्कृतिक न्यायको वाचा गर्ने नवउदारवादी र राष्ट्रवादी शक्तिहरू मतदाताको भावनाको शोषण गर्न कुशल हुन्छन्, त्यस्ताहरूलाई परास्त गर्नु आजको समाजवादी आन्दोलनको प्रमुख चुनौती हो। यसका लागि समाजवादी शक्तिहरूले पार्टीमा समावेशीता बढाउनुपर्छ, साथसाथै वर्गीय चेतना जगाउन राष्ट्रव्यापी कार्यक्रम सञ्चालन गर्नुपर्छ।

विगत ३० वर्षदेखि नेपालमा सरकार र प्रतिपक्षमा स्वघोषित समाजवादी राजनीतिक दलहरू रहेका छन्। तर ती दलका अधिकांश नेता कि आफैं उद्योगपति, ठेकेदार र पूँजीपति हुन्, कि पूँजीपतिको सहयोगमा निर्वाचन जित्नेहरू हुन्, जो निकटस्थ व्यापारिक संस्थाको सेवामा तल्लीन छन्। त्यसैले नेपालमा ठूला दलहरूबीच जति नै प्रतिस्पर्धा देखिए पनि उनीहरूको आर्थिक नीतिमा कुनै भिन्नता छैन। कसैले पनि सर्वहारा वर्गको हितमा राजनीति गरेको छैन, जसका कारण भ्रष्टाचार, महँगी र आर्थिक असमानता बढ्दै गएको छ, र यो कुरा जनताले बुझ्नु जरुरी छ। सर्वहारावर्गको हितमा राजनीति गर्नेले सर्वहारा वर्गको ऐक्यबद्धता बलियो बनाउन वर्गीय चेतना जगाउँछ, कार्यकर्तामा आलोचनात्मक सोचको विकास गर्छ, देश–विदेशमा रहेका श्रमिकहरूको मत दिने अधिकार सुनिश्चित गर्छ, राजनीतिक दर्शनको पवित्रता र विकल्प जोगाउने निर्वाचन प्रणालीको सिफारिश गर्छ, र सबैभन्दा महत्त्वपूर्ण कुरा राजनीति र पैसाबीच हुने लगनगाँठो वर्जित गर्छ। निजगढ, बारा

# पशुपतिनाथ र मनकामना मन्दिर दर्शनार्थीका लागि बन्द

काठमाडौं, ५ माघ/रासस

नयाँ भेरियन्टसहितको कोरोना सङ्क्रमण तीव्र हुन थालेपछि पशुपतिनाथ मन्दिर आजदेखि दर्शनार्थीका लागि बन्द गरिएको छ।

पशुपति क्षेत्रका पशुपतिनाथ, गुह्येश्वरी, चन्द्रविनायकलगायत मन्दिरमा बढी भीडभाड हुन थालेपछि नित्य र नैमित्तिक पूजा मात्र गर्ने गरी भक्तजनका लागि बन्द गरिएको पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक डा घनश्याम खतिवडाले जानकारी दिए।

पशुपतिनाथ मन्दिरमा हुने विशेष पूजा पनि आजैदेखि बन्द गरिएको छ। पशुपतिनाथ मन्दिरमा नित्य र नैमित्तिक पूजाबाहेकका सबै धार्मिक क्रियाकलाप नेपाल सरकारको निर्णय अनुसार बन्द गरिएको उनले सुनाए।

अर्को सूचना नभएसम्मका लागि पशुपति क्षेत्रका गुह्येश्वरी, चन्द्रविनायकलगायत भक्तजनको भीडभाड बढी हुने मन्दिरमा पनि नित्य र नैमित्तिक पूजा मात्र गरिनेछ। अरू धार्मिक क्रियाकलाप बन्द गरिएको छ। विसं २०७६ चैत पहिलो साता नेपालमा पहिलोपटक कोरोना सङ्क्रमण भेटिएपछि पशुपतिनाथ मन्दिर भक्तजनका लागि बन्द गरिएको थियो।

त्यस बेला नौ महीनापछि अर्थात् २०७७ पुस १ गतेदेखि मात्र दर्शनार्थीका लागि मन्दिर खुला गरिएको थियो।

# पेट्रोलियम पदार्थको मूल्य बढ्यो

काठमाडौं, ५ माघ/रासस

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ। पेट्रोलियम पदार्थको कारोबारबाट चर्को घाटा बेहोरेको निगमले इन्डियन आयल कर्पोरेशन (आइओस)लाई इन्धन खरिदबापतको रकम अपुग भएपछि डिजेल, पेट्रोल, मट्टितेल र हवाई इन्धनको मूल्यवृद्धि गरेको हो। निगमले बुधवार राति १२ बजेदेखि लागू हुनेगरी डिजले, मट्टितेल र पेट्रोलमा प्रतिलिटर तीन रुपियाँ तथा आन्तरिकतर्फको हवाई इन्धनमा प्रतिलिर रु पाँच तथा अन्तर्राष्ट्रियतर्फको हवाई इन्धनको मूल्यमा प्रतिकिलोलिटर १०० अमेरिकी डलर वृद्धि गरेको हो।

मूल्यवृद्धि भएसँगै डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर १२२, पेट्रोलको मूल्य १३९, हवाई इन्धन (आन्तरिक)को प्रतिलिटर रु १०६ र हवाई इन्धन (अन्तर्राष्ट्रियतर्फ) प्रतिकिलोलिटर ९९५ अमेरिकी डलर पुगेको छ। एलपी ग्यासमा अत्यधिक घाटा भए पनि ग्यासको मूल्य यथावत राखिएको निगमले जनाएको छ।

## डेरावालसँग बढी महसूल....

प्राधिकरणबाट मिटर लिएर सीधैं विद्युत् लिन सक्ने हुँदा महसूल सस्तो पर्ने भएकोले विद्युतीय उपकरणको प्रयोगमा वृद्धि भई विद्युत् खपत बढ्ने घिसिङले उल्लेख गरे।

एउटै उद्योग परिसरभित्र फरक–फरक विद्युत् महसूल दर आकर्षित हुने उद्योग सञ्चालन हुने अवस्थामा अलग–अलग मिटर राख्न पाउनेछन्।

**बक्यौता किस्ताबन्दीमा तिर्न पाउने**

विद्युत् महसूलको बक्यौता रहेका ग्राहकले किस्ताबन्दीमा तिर्न पाउने भएका छन्। विद्युत् महसूल नतिरेर कालोसूचीमा परेका ग्राहकले पुनः विद्युत् लाइन जोड्नुपर्दा बक्यौता रकम एकमुस्ट बुझाउन नसकेमा नियमानुसार थप दस्तुर लिई बढीमा १२ किस्तासम्म रकम तिर्न सक्नेछन्।

ग्राहकले साबिकको वितरण केन्द्रबाट लगत खारेज गराइ अर्को केन्द्रमा ठाउँसारी गर्न चाहेमा साबिकको केन्द्रमा तत्कालीन सयममा प्रयोग भएका विद्युतीय सामग्री उल्लेख भई आएमा त्यसको पुनः प्रयोगशाला परीक्षण गर्नुनपर्ने व्यवस्था गरी सहजीकरण गरिएको छ। ग्रिड कोड, निर्माण मापदण्ड आदिको व्यवस्था विनियमावलीमा गरी भरपर्दो विद्युत् सेवा प्रवाहमा जोड दिइएको छ।

## फरक समाचार

# इन्डोनेशियाको राजधानीको नाम के हो ?

अहिलेसम्म इन्डोनेशियाको राजधानी जकार्ता पढ्दै आएका थियौं तर चाँडै यस देशको राजधानी बदलिंदैछ। नयाँ राजधानी बोर्नियो द्वीपको इन्डोनेशिया



भागमा स्थित पूर्वी कालीमन्तनमा हुनेछ र यसको नाम नुसन्तारा हुन्छ। यो क्षेत्र जङ्गलले घेरिएको छ।

सिएनएको रिपोर्ट अनुसार संसद्ले राजधानी परिवर्तन गर्ने प्रस्तावलाई मङ्गलवार स्वीकृति दिएको छ र चाँडै यसमाथि काम शुरू हुनेछ। जकार्तामा बढ्दो ट्राफिकको बोझ, स्थानको कमी, भूकम्प, बाढी र आगलागी जस्ता प्राकृतिक विपद्को जोखिमलाई हेर्दै सरकारले यो निर्णय गरेको हो। नेशनल डेभलपमेन्ट प्लानिङ मिनिस्टर सुहार्सो मोनोआर्फाले भने राजधानीलाई कालीमन्तनमा स्थानान्तरण गर्नु थुप्रै चिन्ता र क्षेत्रीय लाभमाथि आधारित छ।

राष्ट्रपति जोको विडोडोले सन् २०१९ मा राजधानी स्थानान्तरण गर्ने घोषणा गरेका थिए, उनले भनेका थिए– जकार्ताको पर्यावरणीय र आर्थिक स्थिरतालाई ध्यानमा राख्दै राजधानीलाई कालीमन्तन लैजान्छौं। जकार्ता समुद्रको नजीक छ र यो बाढीमा डुब्ने खतरा सदैव रहेको छ। यतिमात्र होइन, वर्ल्ड इकोनोमिक फोरम अनुसार यो संसारकै सबैभन्दा चाँडै डुब्ने शहर पनि बनेको छ।

जकार्ताको जनसङ्ख्या लगातार बढ्दै गइरहेको छ, जसले गर्दा प्राकृतिक संसाधनको बोझ बढिरहेको छ। यो शहरमा करीब १० मिलियन व्यक्तिको घर छ र यसको सङ्ख्या वृद्धि भइरहेको छ। राष्ट्रिय योजना र विकास एजेन्सीको तथ्याङ्क अनुसार नयाँ राजधानीको लागि कुल भूमि क्षेत्र लगभग २५६,१४३ हेक्टर छ। यो योजना सन् २०२४ मा पूरा हुने आशा गरिएको छ र यसमा ३२ बिलियन डलरभन्दा बढी खर्च हुनेछ।

# महीनावारीमा रक्सीसेवनको असर

महिलाहरूलाई हरेक महीना हुने महीनावारी प्राकृतिक प्रक्रिया हो। युवतीहरूको लागि झन् महीनावारी निकै पीडादायी हुन्छ। आजभोलि महीनावारीबाट हुने कष्ट बिर्सिन महिलाहरूले पनि रक्सीसेवन गर्न थालेका छन्, जसले स्वास्थ्यमा निकै असर गर्छ। मासिक धर्ममा रक्सीसेवन गर्दा महीनावारी, हार्मोन र मानसिक अवस्थामाथि निकै असर पार्छ।



**पेटमा ऐंठनः** महीनावारीको क्रममा रक्सीसेवन गर्दा शरीर डिहाइड्रेटेड हुन्छ, जसले तपाईंलाई ऐंठन हुन सक्छ। ऐंठनको कारण शारीरिक समस्या झेल्नुपर्छ।

**व्यवहार बिग्रिन्छः** महीनावारीको समयमा रक्सीसेवन गर्दा महीनावारीको लक्षणमाथि नराम्रो असर पार्छ। थकान, आलस्य हुन्छ र मूड बिग्रिन्छ। रक्सीसेवनले हार्मोनहरूलाई पनि बदलिदिन्छ।

**मैग्निशियमको स्तरमाथि असरः** यस्तो समयमा रक्सीसेवन गर्दा शरीरमा खनिजको स्तरमाथि असर गर्छ, जसले गर्दा मैग्निशियमको स्तर खस्किन्छ र यदि गलतीले मैग्निशियमको स्तर कम भयो भने शरीरमा चिनी कम हुन्छ, जसले गर्दा शरीरमा रोग उत्पन्न हुन्छ।

**हार्मोनमा गडबडीः** महीनावारीको समयमा रक्सीसेवन गर्दा हार्मोनको स्तरमा असर पर्छ। शरीरमा एस्ट्रोजन र टेस्टोस्टेरोन केही समयको लागि बढ्न सक्छ, जसले गर्दा मासिक धर्मचक्र प्रभावित हुन्छ। अर्थात् रक्सीसेवनबाट तपाईंको महीनावारी अनियमित हुन थाल्छ।

# प्रतिरोधक क्षमता कमजोर गर्ने खानेकुरा

कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोनको खतरा पुनः बढेपछि सबैले प्रतिरोधक क्षमता बढाउन जथाभावी खानेकुरा सेवन गर्न थालेका छन्। सोचविचार नगरी जथाभावी खानेकुरा खाँदा प्रतिरोधक क्षमता बढ्ने होइन झनै घट्न सक्छ। तसर्थ प्रतिरोधक क्षमता घटाउने खानेकुरा आजैदेखि खान बन्द गरौं।



**सिलबन्दी कुकिजः** बढीजसो डिब्बाबन्द खानेकुरामा फाइबर तथा अन्य पोषक तत्त्वहरू हुँदैनन्। यसैले यस्ता खानेकुरा परहेज गर्नुपर्छ।

**बियरः** अल्कोहल स्वास्थ्यको लागि राम्रो हुँदैन, झन् यहाँ बियरलाई भिटामिनकै रूपमा सेवन गर्ने गर्छन्। तर बियरले सङ्क्रमणलाई झनै बढाउँछ। यसले ब्लड सुगर, इन्सुलिन स्ट्रेस हार्मोन कोर्टिसोललाई पनि बढाउँछ।

**आलुको चिप्सः** बिहान–बेलुका आलुको चिप्ससँगै चियासेवन गर्नेहरूले बुझ्नुपर्छ, चिप्समा नूनको मात्रा निकै बढी हुन्छ। साथै यसमा तेल पनि हुन्छ। अध्ययन अनुसार आलुको चिप्स खानेहरूलाई इम्युन सिस्टमसम्बन्धी थुप्रै रोग लाग्न सक्छ।

**फास्टफूडः** रोग र सङ्क्रमण फैलिरहेको अवस्थामा पनि मान्छेले फास्टफूड खान छाड्दैनन्। फास्टफूडमा नूनको मात्रा बढी हुन्छ, जसले गर्दा सहजै प्रतिरोधक क्षमता कम हुन्छ। –प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा एकै दिन थप दुई लाख ८२ हजार सङ्क्रमित

नयाँ दिल्ली ५ माघ/एएनआई

भारतमा कोरोना भाइरसबाट पछिल्लो एक दिनमा थप दुई लाख ८२ हजार ९७० जना सङ्क्रमित थपिएका छन्। भारतमा पछिल्लो केही हप्तादेखि दैनिक सङ्क्रमितहरूको सङ्ख्यामा दिन प्रतिदिन वृद्धि हुँदै आइरहेको अधिकारीहरूले जनाएका छन्। भारतमा अहिलेसम्म कुल सङ्क्रमितहरूको सङ्ख्या तीन करोड ७९ लाख १ हजार २४१ रहेको अधिकारीहरूले जनाएका छन्।

तस्वीरः एजेन्सी



केन्द्रीय स्वास्थ्य मन्त्रालयका अनुसार भारतमा अहिले पनि सङ्क्रमित अवस्थामैं रहेकाहरूको सङ्ख्या १८ लाख ३१ हजार छ। हाल रहेका सक्रिय सङ्क्रमितमध्ये आठ हजार ९६१ जना मात्रै ओमिक्रोनबाट सङ्क्रमित रहेको पाइएको छ। कोरोना भाइरसको नयाँ भेरिएन्टको रूपमा देखिएको ओमिक्रोन भाइरसबाट अघिल्लो दिनको तुलनामा बुधवार सङ्क्रमितहरूको सङ्ख्या ०.७९ प्रतिशत बढी रहेको छ।

पछिल्लो २४ घण्टामा भारतमा कोरोना भाइरसबाट एक लाख ८८ हजार १५७ जना सङ्क्रमणमुक्त भएका छन्। भारतमा अहिलेसम्म कोरोना भाइरसको सङ्क्रमणबाट मुक्त हुनेहरूको सङ्ख्या ३ करोड ५५ लाख ८३ हजार ३९ पुगेको छ। यहाँ कोरोना भाइरस निको हुने दर ९३.८८ प्रतिशत रहेको जनाइएको छ।

पछिल्लो एक दिनमा ४४१ जनाको कोरोनाका कारण मृत्यु भएको छ भने अहिलेसम्म कोरोनाका कारण मृत्यु हुनेहरूको सङ्ख्या चार लाख ८७ हजार २०२ रहेको छ। कोरोना शुरू भएदेखि हालसम्म भारतमा ७० करोड ७४ लाख भन्दा बढी व्यक्तिको कोरोना परीक्षण भएको छ। यहाँ सन् २०२१ को जनवरी १६ देखि खोप अभियान शुरू भएको थियो। सो समयदेखि हालसम्म एक अर्ब ५८ करोड ८८ लाख ४७ हजारभन्दा बढी खोपको डोज लगाइएको छ। खोप लागू गर्न खोजेका छन्। जसमध्ये ६ करोडले पूर्ण मात्रा खोप लगाइएका छन्।

### जर्मनीमा पछिल्लो २४ घण्टामा १ लाख नयाँ सङ्क्रमित

बर्लिन/एएफपी

जर्मनीमा विगत २४ घण्टामा थप १ लाखभन्दा बढी व्यक्तिमा कोभिड-१९ सङ्क्रमण भएको देशको जनस्वास्थ्य निकायले बुधवार सार्वजनिक गरेको तथ्याङ्कले देखाएको छ। युरोपको सबैभन्दा ठूलो अर्थतन्त्रमा पछिल्लो २४ घण्टामा एक लाख १२ हजार ३२३ जना कोरोना सङ्क्रमित देखिएका छन्। सङ्क्रमणका कारण २३९ जनाको मृत्यु भएको रबर्ट कोच इन्स्टिच्युटले जनाएको छ।

साप्ताहिक घटना दर सात दिनमा प्रति १००० व्यक्तिमा ५८४.४ नयाँ सङ्क्रमण भएको सो इन्स्टिच्युटले जनाएको छ। जर्मनीले सङ्क्रमण घटाउनको लागि थप कडाइ गरेको छ। बार र रेस्टुरहरूमा पहुँच सीमित गर्न व्यक्तिहरूलाई उनीहरूको बुस्टर खोप प्राप्त गरेका वा पूर्ण रूपमा खोप वा निको भइसकेपछि परीक्षण गरिएको छ।

जर्मनीमा कोरोना भाइरस सङ्क्रमण वृद्धि भएको छ। ७० प्रतिशतभन्दा बढीको लागि ओमिक्रोन संस्करण भएको जनाइएको छ। अन्य युरोपेली देशहरूले पनि ओमिक्रोनको बढ्दो दरसँग लडिरहेका छन्। छिमेकी फ्रान्समा हालै दैनिक औसत ३ हजार ओमिक्रोनका सङ्क्रमित रहेका छन्।

जर्मन चान्सलर ओलाफ स्कोल्जले ८ करोड ३० लाख जनसङ्ख्याको प्रतिरोधात्मक क्षमता बढाउन अनिवार्य

### फ्रान्समा अहिलेसम्मकै बढी, एकै दिन ४ लाख ६४ हजारजनामा कोरोना सङ्क्रमण

पेरिस/सिन्हवा

फ्रान्समा एकै दिन ठूलो सङ्ख्यामा कोरोना सङ्क्रमित भेटिएका छन्। पछिल्लो केही दिनयता युरोपेली देशहरूमध्येकै सबैभन्दा बढी सङ्क्रमित फेला पर्दै आएको फ्रान्समा पछिल्लो २४ घण्टामा ४ लाखभन्दा बढीमा सङ्क्रमण देखिएको छ।

फ्रान्सका सरकारी अधिकारीहरूले दिएको जानकारी अनुसार यहाँ गएको २४ घण्टामा कम्तीमा पनि ४ लाख ६४ हजार ७७९ जनामा यो सङ्क्रमण देखिएको हो। फ्रान्समा कोभिडको नयाँ भेरिएन्ट ओमिक्रोन फैलिएसँगै सङ्क्रमितको सङ्ख्या दैनिक बढिरहेको अधिकारीहरूको भनाइ छ। यहाँका स्वास्थ्यमन्त्रीले अहिले करीब चार हजार जना सङ्क्रमित आइसियुमा भर्ना भएका जानकारी दिएका छन्।

यहाँका अस्पतालका करीब ७० प्रतिशत बेड कोभिडका बिरामीले भरिएका पनि जानकारी दिइएको छ। फ्रान्समा पछिल्लो समय दिन प्रतिदिन कोभिड सङ्क्रमित बढेका छन्। फ्रान्सबाहेक अन्य युरोपेली मुलुकहरू बेलायत, इटाली, ग्रीस, पोर्चुगललगायत पनि अहिलेसम्मकै उच्च सङ्क्रमित भेटिएका छन्। युरोपमा खासगरी क्रिसमस बिदा र नयाँ वर्षको पूर्वसन्ध्यामा मानिसको जमघट बढेकोले कोरोना तीव्ररूपमा फैलिएको बताइएको छ।रासस

## सुडानमा हिंसा अन्त्य गर्न राष्ट्रसङ्घीय महासचिवको आग्रह

संयुक्त राष्ट्रसङ्घ ५ माघ/सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटर्रेसले सुडानमा हिंसा अन्त्यका लागि आह्वान गरेका छन्। उनले केही समयदेखि जारी रहेको हिंसा अन्त्य गरेर शान्तिपूर्ण प्रक्रियाबाट समस्याको समाधान खोज्न जोड दिएका छन्।



संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटर्रेस। तस्वीरः एजेन्सी

उनले अहिलेको हिंसा अन्त्य गरेर संयुक्त राष्ट्रसङ्घले मध्यस्थताका माध्यमबाट शान्ति स्थापना गर्न चाहेको मङ्गलवार बताएका हुन्।

महासचिव गुटर्रेसले भनेका छन्– सबैभन्दा पहिले त हामी यहाँको सरकारलाई हिंसा रोक्न आग्रह गर्दछौं, हालैका दिनमा भएका प्रदर्शनहरूमा गरिएको जस्तो दमन तत्काल बन्द गर्न पनि आग्रह गर्दछौं।

केही दिन अघि यहाँ नागरिकले गरेको प्रदर्शनमा घातक हतियारको प्रयोग गरी सरकारले दमन गरेको भन्दै यस्तो कार्य तत्कालै बन्द गर्न उनले आग्रह गरेका छन्। उनले यस्तो हिंसाबाट कुनै पनि किसिमको निकास निकाल्न सहज छैन भन्दै सुडानी सरकार र यहाँका सबै राजनीतिक शक्तिले समयमैं यो कुरा बुझ्नुपर्ने बताए। रासस

## बाली बम हमलाको आरोपमा १५ वर्षको जेल सजाय

जकार्ता ५ माघ/एएफपी

इनडोनेसियाको एउटा अदालतले बालीको रिसोर्ट टापुमा २००२ मा भएको बम विष्फोटमा भूमिका खेलेको आरोपमा बुधवार अल–कायदासँग सम्बन्धीत इस्लामवादी लडाकूलाई १५ वर्षको जेल सजाय सुनाएको छ।

संयुक्त राज्य अमेरिकामा ९/११ आक्रमणको एक वर्षपछि इनडोनेसियाको बालीमा विदेशी पर्यटकहरूले खचाखच भरिएका रिसोर्ट टापूमा भएको हमला इनडोनेसियाको इतिहासमा सबैभन्दा घातक आतंकवादी हमला बनेको थियो।

जेमाह इस्लामियाँह आतंकवादी समूहका उच्च पदस्थ सदस्य जुल्कर्नाइनलाई लगभग १८ वर्ष फरार रहेपछि डिसेम्बर २०२० मा पक्राउ गरिएको थियो। उनी बाली बम विष्फोटका साथै उनको कमाण्डमा रहेको विशेष एकाईले गरेका अन्य धेरै आक्रमणहरूको लागि मुद्दा चलिरहेको थियो। उनलाई १५ वर्षको जेल सजाय सुनाइएको छ।

## सीमा क्षेत्रको सडक फोरलेन –डा जायसवाल

प्रस, रक्सौल, ५ माघ/

भाजपा प्रदेश अध्यक्ष डा सञ्जय जायसवालले भारत–नेपाल सीमा क्षेत्रका सडक फोरलेनमा परिवर्तित हुने बताएका छन्।




तस्वीरः प्रतीक

मङ्गलवार बरवा पञ्चायतको गुलरिया गाउँमा आयोजित उज्जवला ग्याँस वितरण कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष जायसवालले रेलको दोहोरीकरणका कारण रेलको सङ्ख्यामा वृद्धि भएकाले सीमा क्षेत्रमा फोरलेन सडक निर्माण गर्नुपर्ने बताए। उनले उज्जवला ग्याँस वितरण अभियान अन्तर्गत आठ करोड महिलालाई ग्याँस वितरण गरिएको बताए। यसैगरी, उनले बिहारमा १६ लाख महिलालाई सित्तैमा ग्याँस कनेक्सन दिइएको बताए।

स्थानीय विधायक प्रमोदकुमार सिन्हाले प्रधानमन्त्रीको यस कार्यक्रमबाट गरीबहरू लाभान्वित हुने बताए। कार्यक्रममा भारत ग्याँस एजेन्सीका मैनेजर आरके सिंह एवं जोनल मैनेजर मोहम्मद सलीम, समाजसेवी राकेश जायसवाल, वरुणकुमार सिंहलगायतले मन्तव्य राखेका थिए।

## एचआइभी/एड्सबारे सरोकारवालासँग अन्तर्क्रिया

प्रस, वीरगंज, ५ माघ/

युथ फाउन्डेशन नेपाल र बारा प्लसको संयुक्त आयोजनामा एचआइभी/एड्स सचेतना तथा सहयोगसम्बन्धी सरोकारवालासँग अन्तर्क्रिया सम्पन्न भएको छ।

तस्वीरः प्रतीक





बारा प्लसको कार्यालय वीरगंज–४ मा आयोजित अन्तर्क्रियामा युथ फाउन्डेशन नेपालकी सुधा श्रेष्ठ र सुनीता रिमालले फाउन्डेशनले काठमाडौं र लुम्बिनीका दुई स्थान र पर्सा गरी चार स्थानका एचआइभी/एड्स पीडित बालबालिकाहरूको लागि काम गर्दै आएको र यसमा सबैको सहयोग आवश्यक हुने बताए। उनीहरूले तत्काल सो सेवा मासिकरूपमा एक हजार बालबालिकालाई उपलब्ध गराउनुका साथै उनीहरूको शिक्षा, पोषणमा समेत सहयोग गरेको र बालबालिकाका अभिभावकहरूलाई आयमूलक तालीमहरू आयोजना गरी सघाउँदै आएको बताए।

पर्सामा हाल ४३ जना बालबालिका जन्मेदेखि एचआइभी/एड्स पीडित देखिएको श्रेष्ठले बताइन्। स्थानीय तहबाट यस क्षेत्रमा सहयोग भएको खण्डमा बालबालिकाहरूलाई थप मदत पुग्ने रिमालले बताइन्।

वडाध्यक्ष जगतसाह कानूले वडा कार्यालय र नगरपालिकाबाट बालबालिकाहरूका लागि के गर्न सकिन्छ सोबारेमा विचार गर्ने आश्वासन दिए। विजामका नीरज साहले समाजमा अहिले पनि एचआइभी/एड्स सङ्क्रमितहरूसँग भेदभाव भइरहेको बताए। उनले सबैभन्दा डरलाग्दो कुरा स्वास्थ्यकर्मीहरूबाट पनि अहिलेसम्म उनीहरूप्रति भेदभाव भइरहेको र यही कारण निजी अस्पतालहरूले उपचार नगर्ने र सबैजसो सङ्क्रमित नारायणी अस्पतालमा आश्रित हुनुपरेको बताए। उनले एकजना सङ्क्रमित बालकलाई एउटा निजी अस्पतालले आइसियूबाट निकालेको र नारायणी अस्पताल ल्याइ पुऱ्याउँदा पुऱ्याउँदै उनको मृत्यु भएको दुःखद घटना सुनाए।

नारायणी अस्पतालमा रहेको पोषण केन्द्रकी संयोजक सरिता यादवले वडामा रहेका कुपोषित बालबालिकाहरूको विवरण सङ्कलन गरी वडास्तरबाट पनि कुपोषणविरुद्धको अभियान सञ्चालन गर्नुपर्ने सुझाव दिइन्।

कार्यक्रममा प्रतीक दैनिकका सम्पादक शत्रुघ्न नेपाल, बारा प्लसका संयोजक विश्व खड्का, विजामका अनोज खड्का, नेपाल आराधनाका जवाहर महरा, एएचएफ नेपालका आशिष गुरागाईं, सहयात्री समाजका जटाशङ्कर साह, बालकल्याण समितिकी सावित्री भण्डारीलगायतले सुझाव सल्लाह दिएका थिए।

कार्यक्रममा एचआइभी एड्स सङ्क्रमित एकजना महिलालाई युथ फाउन्डेशन नेपाल र बारा प्लसको तर्फबाट वडाध्यक्ष कानूले रोजगारका लागि सिलाइ मेशिन प्रदान गरेका थिए।

## रक्सौलमा मास्क नलगाउनेलाई जरिवाना

प्रस, रक्सौल, ५ माघ/

रक्सौलमा मास्क नलगाउने पैदलयात्री र सवारीसाधन चालकलाई जरिवाना तिराइएको छ।

तस्वीरः प्रतीक



बिडिओ सन्दीप सौरभ र सिओ विजयकुमारले पैदलयात्री र वाहन चालकहरूलाई भारु ५० जरिवाना गराएका थिए। बिडिओ सौरभका अनुसार मङ्गलवार २१ जनालाई जरिवाना तिराउँदा भारु एक हजार ५० सङ्कलन भएको बताए। उनले रक्सौलमा मास्क नलगाउनेहरूमाथि कारबाई जारी रहने बताए।

## ट्रकसहित चालक पक्राउ

प्रस, वीरगंज, ५ माघ/

जिल्ला प्रहरी कार्यालय, पर्साले भन्सार छली ल्याइएको खुद्रा तथा हार्डवेयर सामान लोड भएको ट्रकसहित चालकलाई पक्राउ गरी वीरगंज भन्सार चलान गरेको छ।

बिलबिजकभन्दा बढी खुद्रा मालवस्तु तथा हार्डवेयर पाट्र्सहरू लोड गरी काठमाडौं जाँदै गरेको प्र.२–०३–००१ ख ३६८९ नम्बरको मालवाहक ट्रकलाई वीरगंज–८ स्थित माईस्थान सडकखण्डमा प्रहरीले नियन्त्रणमा लिएको थियो।




प्रहरीले ट्रक चालक वीरगंज महानगरपालिका–२ छपकैया बस्ने रौफ आलमलाई पक्राउ गरी नियन्त्रणमा लिएको र सामानको रु ५० लाख मूल्याङ्कन गरी राजस्व अनुसन्धान कार्यालय, पथलैयामा बुझाएको जिप्रका, पर्साले जनाएको छ।

सरसफाइमा ध्यान दिउँ,
बिरामी हुनबाट बचौं।

वीरगंज महानगरपालिका

### आजको राशिफल

| | |
|---|---|
| मेष – सुसमाचार | वृष – उदरपीडा |
| मिथुन – विजय | कर्कट – धनखति |
| सिंह – भाग्योदय | कन्या – बेचैनी |
| तुला – धनलाभ | वृश्चिक – कर्मप्राप्ति |
| धनु – प्रगति | मकर – वादविवाद |
| कुम्भ – यात्रालाभ | मीन – शत्रुभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

रानीघाट–पोखरिया बस समिति
भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे



नेपाली सेना चण्डीगण वीरगंजले मुख्य सडक र घण्टाघरमा दाउरा वितरण गरेको छ । यात्रीहरूलाई जाडो छल्न दाउरा वितरण गर्दै आगोको व्यवस्था गरिएको थियो । तस्वीरः प्रमोद यादव

# लोसपाको अधिवेशन सम्पन्न

प्रस, सिम्रौनगढ, ५ माघ/

बाराको सिम्रौनगढ नगरपालिका–७ झवानीस्थित प्राथमिक विद्यालयमा लोकतान्त्रिक समाजवादी पार्टी नेपालको अधिवेशन सम्पन्न भएको छ ।




तस्वीरः प्रतीक

अधिवेशनको उद्घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथि सिम्रौनगढ नगर कमिटी अध्यक्ष किशोरीप्रसाद साहले जनप्रतिनिधि जनताका सेवक हुन्, शासक होइनन् भन्दै जनताको अमूल्य मतको सदुपयोग गरी जनताको सेवामा लाग्नु असल जनप्रतिनिधिको कर्तव्य भएको बताए । उनले कृषि, शिक्षा, स्वास्थ्य, भौतिक विकास र सामाजिक क्रियाकलापमा जनताको साथमा रहन जनप्रतिनिधिहरूलाई आग्रह पनि गरे ।

नन्दलाल सहनीको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा वडाध्यक्ष एवं लोसपाका नेता राजेश यादव, क्षेत्रीय सभापति परमानन्द मुखिया, रामबाबूप्रसाद यादव, हेमचन्द्रप्रसाद जयसवार, सुवास कुशवाहा, शेख मोतिम, ध्रुवप्रसाद यादवलगायतले अधिवेशन सफलताको लागि शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा लोसपा नेता डा रामबाबूप्रसाद कुशवाहाले स्वागत र सियाराम यादवले सहजीकरण गरेका थिए ।

यसैबीच, अधिवेशनले नन्दलाल सहनीको अध्यक्षतामा ५५ सदस्यीय वडा कमिटी गठन गरेको छ ।

वडा कमिटीको वरिष्ठ उपाध्यक्ष सुबोध कुशवाहा, उपाध्यक्ष इस्लाम अन्सारी, सचिव अरुण कुशवाहा, सहसचिव विजय दास र कोषाध्यक्ष सुरेन्द्र पटेललगायतका सदस्यहरू छन् ।

# हेर्दाहेर्दै अभियुक्त फरार, सिमरा प्रहरी मूकदर्शक

प्रस, वीरगंज, ५ माघ/

इलाका प्रहरी कार्यालय, सिमरा तथा अभियुक्तसँग साँठगाँठ रहेको कारण अहिलेसम्म दर्जनौं व्यक्तिलाई ठग्ने अभियुक्तलाई पक्राउ गर्न नसकेको पीडितले आरोप लगाएका छन् ।

स्थानीय महिला झुमा राईका अनुसार पीडक जीतपुरसिमरा उमनपा–३ बजनी टोल निवासी विपिनराज न्यौपाने तथा उनका बुवा विनोद न्यौपानेलाई प्रहरीले अहिलेसम्म पक्राउ गर्न नसकेको आरोप लागेको छ । न्यौपाने बुवाछोराले छ लाख नगद लिएको र सो रकम लिन जाँदा उनीहरू गालीगलौजमा उत्रेपछि झुमा राईले उनीहरूविरुद्ध चेक अनादरको मुद्दा इप्रका, सिमरामा दर्ता गराएको बताइन् । आफूले पुस २ गते निवेदन दिएको तर अभियुक्तहरूलाई प्रहरीले पक्राउ नगरेपछि न्यौपाने बुवाछोरा फरार भएपछि पुस २३ गते आफूमाथी प्रहरीले मुद्दा दर्ता गरेको झुमाको आरोप रहेको छ । मुद्दा शाखामा कार्यरत प्रहरी गोपाल कार्की तथा राजकुमार खड्काले न्यौपाने बुवाछोरासँग मिलेमतो गरी अहिलेसम्म उनीहरूलाई बचाउँदै आएको झुमा राईको आरोप छ । इप्रका, सिमराका प्रहरी नायब उपरीक्षक मनोजीत कुँवरका अनुसार आफूले दुवै पक्षलाई बसाइ छलफल गराउँदा बुवा विनोद न्यौपानेले पटक–पटक गरी रकम दिने सहमति गरे अनुसार उनले एक थान चेक काटेर दिएको तर सो चेक पनि फर्जी रहेको बताए । विनोदले काटेको चेक लिएर बैंक पुग्दा सो चेक विनोदको नभई हवारी नेशा खातुनको नाममा रहेको बुझिएको प्रनाउ कुँवरको भनाइ छ । आफूले उनीहरूलाई पक्राउ गर्न सादा पोशाकमा प्रहरी खटाएको र आज पनि उनी घरमा नरहेको बताए । केही प्रहरीसँग उनीहरूको उठबस हुन सक्छ, आफूले सो विषयमा बुझ्ने बताए । स्थानीय स्रोतका अनुसार विपिनले दर्जनौं व्यक्तिसँग करोडौं रकम लिई फरार भएका उनी हाल दुबई पुगेको जनाइएको छ ।

Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# खेलकूदको संसार

## राष्ट्रिय महिला हक्की प्रतियोगिता : दोस्रो दिन मधेस प्रदेश विजयी

प्रस, वीरगंज, ५ माघ/



तस्वीर सौजन्यः सानो पाइला

वीरगंजमा चौथो सहाना प्रधान स्मृति राष्ट्रिय महिला हक्की प्रतियोगिता आयोजना भएको छ । मङ्गलवारदेखि आदर्शनगरस्थित खेलमैदानमा भइरहेको प्रतियोगिता माघ ८ गतेसम्म चल्नेछ । उद्घाटन खेलमा हिजो मधेस प्रदेशलाई ० का विरुद्ध ५ गोल गरी नेपाली सेनाको महिला टीम विजयी भएको थियो । हिजैको दोस्रो खेलमा लुम्बिनी प्रदेशलाई शून्यका विरुद्ध तीन गोल गरी सुदूरपश्चिम प्रदेश विजयी भएको थियो ।

बुधवार भएको दोस्रो दिनको खेलमा मधेस प्रदेशले प्रदेश नं १ लाई ० का विरुद्ध २ गोलअन्तरले पराजित गर्‍यो । आकृति राई र गीताकुमारी मुखियाले १/१ गोल गरेका थिए । पहिलो खेलको 'वुमन अफ दी म्याच' मुखिया घोषित भइन् ।

दोस्रो खेल बराबरीमा टुङ्गियो । सुदूरपश्चिम र गण्डकी प्रदेशबीचको खेल गोलरहित बराबरीमा टुङ्गिएको र दुवैले समान अङ्क बाँडे । यो खेलको 'वुमन अफ दी म्याच' गण्डकी प्रदेशकी कमलादेवी घर्ती पुन घोषित भइन् ।

## प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताको उपाधि एपिएफलाई

काठमाडौं, ५ माघ/रासस

प्रधानमन्त्री कप टी–ट्वान्टी राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि सशस्त्र प्रहरी बल (एपिएफ)ले जितेको छ ।

कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा आज भएको अन्तिम खेलमा एपिएफले नेपाल पुलिस क्लबलाई २१




रनले पराजित गर्दै उपाधिमाथि कब्जा जमाएको हो । यस जीतसँगै एपिएफले रु पाँच लाख प्राप्त गरेको छ । त्यस्तै, दोस्रो स्थान हासिल गरेको पुलिसले भने रु तीन लाख प्राप्त गर्‍यो ।

एपिएफले पुलिसलाई जीतका लागि १४८ रनको विजयी लक्ष्य दिएको थियो । जवाफमा पुलिस निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १३६ रनमा समेटियो । पुलिसका लागि दीपेन्द्र सिंह ऐरीले सर्वाधिक ६५ रनको योगदान गरे तापनि त्यो जीतका लागि पर्याप्त भएन । ५४ बल खेलेका दीपेन्द्रले तीन चौका र दुई छक्काको मदतमा ६५ रनको योगदान दिएका हुन् । त्यसैगरी दिलीपनाथले २३, आरिफ शेखले १२ तथा अनिल साहले १० रन जोड्नुबाहेक अन्य खेलाडीले दोहोरो अङ्क जोड्न सकेनन् । गुलशन झाले ५, राशिद खानले ४, अमृत श्रेष्ठले ३ तथा योगेन्द्रसिंह कार्कीले एक रन जोडे ।

एपिएफका किशोर महतोले तीन विकेट लिए भने अविनाश बोहरा, अमर रौटेला र दीपक बोहराले समान एक/एक विकेट हात पारे । त्यस अघि टस हारेर पहिले ब्याटिङ थालेको एपिएफले १९.५ ओभरमा सबै विकेट गुमाउँदै १४७ रनको योगफल बनायो । एपिएफका अमर रौटेलाले सर्वाधिक २९ रनको योगदान दिए । उनले १५ बलमा ३ छक्का र २ चौका प्रहार गरे ।

यस्तै लोकेश बमले २७ रन जोड्दा सन्दीप जोराले २४ रन बनाए । कप्तान शरद भेषवाकर १९ रन बनाएर आउट भए । भुवन कार्कीले १७ रन जोडे । आसिफ शेखले ९, प्रदीप ऐरीले ७, दीपक बोहराले ६ रन तथा पुरन विक शून्य रनमा आउट भए । त्यस्तै, किशोर महतो ८ रनमा आउट हुँदा अविनाश बोहरा १ रनमा अविजित रहे । बलिङतर्फ पुलिसका दीपेन्द्र सिंह ऐरी र सागर ढकालले समान तीन/तीन विकेट लिए भने गुलशन झाले २ विकेट लिए । त्यस्तै आरिफ शेख र योगेन्द्र सिंह कार्कीले समान एक/एक विकेट झारे ।

सेमिफाइनल खेलमा एपिएफले त्रिभुवन आर्मी क्लबलाई ४७ रनले पराजित गर्दै फाइनलमा पुगेको थियो भने पुलिसले वाग्मती प्रदेशलाई ५० रनले पराजित गर्दै फाइनल यात्रा तय गरेको हो । गत पुस २६ गतेदेखि शुरू भएको उक्त प्रतियोगितामा तीन विभागीय टोली र सात प्रदेश गरी दश टोलीको सहभागिता थियो ।

चीसो मौसममा देखिने मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न
- चीसोमा बाहिर ननिस्कौं,
- धुम्रपान मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरिक व्यायामलाई निरन्तरता दिऔं,
- हृदयरोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरौं,

जाडोको जोखिमबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# अपाङ्गहरूलाई कम्बल वितरण

बलिराम शुक्ला, विरुवागुठी, ५ माघ/

अत्यधिक चीसो बढेपछि पर्सागढी नगरपालिकाको विभिन्न वडामा दलित तथा अतिविपन्न परिवारका अपाङ्गहरूलाई समानता अभियान नेपालले कम्बल वितरण गरेको छ ।



तस्वीरः प्रतीक

पर्सागढी नगरपालिका–१, २, ३, ४, ५ को दलित तथा अतिविपन्न परिवारमा रहेका अपाङ्ग तथा अर्धअपाङ्ग हरूको घरमा पुगी अभियानले १ सय ५० जनालाई कम्बल वितरण गरेको समानता अभियान नेपालका पर्सागढी संयोजक गोलकुमार बस्नेतले बताए ।

पर्सागढी नगरपालिकाको १ देखि ९ वटै वडामा रहेका अपाङ्गहरूको घरमा पुगी कम्बल वितरण गरिएको उनले बताए । उनले पर्सागढीमा ४ सय अपाङ्गलाई कम्बल वितरण गर्ने बताए ।

कार्यक्रममा सामाजिक अभियन्ता डा चन्द्रभूषण सिंह, सोम लामा, विक्रम कार्की, विपिन यादव, सुनिल रायभर, बलराम विष्ट, विकेश राय, रामकिशोर रायलगायतको सहभागिता थियो ।